# संघीय संसद

# राष्ट्रिय सभा

# छैटौं अधिवेशन

# कार्यवाहीको सम्पूर्ण विवरण

# ४ असार २०७७

# बिहीबार

# (बैठक सङ्ख्या–२६)

राष्ट्रिय सभाको आजको बैठक सम्माननीय अध्यक्ष श्री गणेश प्रसाद तिमिल्सिनाको अध्यक्षतामा बिहीबार बिहानको ११:०० बजे प्रारम्भ भयो ।

**सम्माननीय अध्यक्षः-** माननीय सदस्यहरू, राष्ट्रिय सभाको आजको बैठकको कारबाही प्रारम्भ हुन्छ ।

माननीय सदस्यहरू, अब म कानून, न्याय तथा संसदीय मामिला मन्त्री डा. शिवमाया तुम्बाहाङफेलाई प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त "नेपालको संविधान (दोस्रो संशोधन) विधेयक, २०७७ माथि दफावार छलफल सदनमा गरियोस्" भन्ने प्रस्ताव प्रस्तुत गर्न समय उपलब्ध गराउँछु ।

**कानून, न्याय तथा संसदीय मामिला मन्त्री शिवमाया तुम्बाहाङफेः-** सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त नेपालको संविधान (दोस्रो संशोधन) विधेयक, २०७७ माथिको दफावार छलफल सदनमा गरियोस् भन्ने प्रस्ताव सभा समक्ष पेश गर्दछु । धन्यवाद ।

**सम्माननीय अध्यक्षः-** माननीय सदस्यहरू, अब म प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त "नेपालको संविधान (दोस्रो संशोधन) विधेयक, २०७७ माथिको दफावार छलफल सदनमा गरियोस्" भन्ने प्रस्तावलाई निणयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले “हुन्छ” भन्नु होला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले “हुन्न” भन्नु होला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले “हुन्छ” भन्नुहोस् ।

-“हुन्छ”

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले “हुन्न” भन्नुहोस् ।

“हुन्न” भन्ने आवाज सुनिएन । तसर्थ “नेपालको संविधान (दोस्रो संशोधन) विधेयक, २०७७ माथिको दफावार छलफल सदनमा गरियोस्” भन्ने प्रस्ताव सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, अब नेपालको संविधान (दोस्रो संशोधन) विधेयक, २०७७ माथिको दफावार छलफल प्रारम्भ हुन्छ । नेपालको संविधान (दोस्रो संशोधन) विधेयक, २०७७ माथिको दफावार छलफलमा बोल्नको लागि दलीय आधारमा माननीय सदस्यहरूको नाम प्राप्त हुन आएको छ । म माननीय सदस्यहरूलाई बोल्न समय उपलब्ध गराउँछु ।

माननीय दिनानाथ शर्मा ।

**माननीय श्री दिनानाथ शर्मा (नेपाल कम्युनिष्ट पार्टी, नेकपा)**:- सम्माननीय अध्यक्ष महोदय, आज हामी इतिहासको महत्वपूर्ण क्षणम उभिएका छौँ । नेपालको राष्ट्रियता, राष्ट्रिय अखण्डता, राष्ट्रिय सार्वभौमिकता, त्यो हाम्रो सर्वोच्चता हो, हाम्रो मुटुभन्दा प्यारो छ । त्यो विषयमा केन्द्रित भएर नेपालको संविधान (दोस्रो संशोधन) मा हामी संशोधन गर्न गइरहेका छौँ । नेपालको संविधानको धारा ९ (२) को अनुसार अनुसूची-३ मा उल्लेख व्यवस्था भएको नेपालको नक्सामा नेपालको लिम्पियाधुरा, लिपुलेक र कालापानी क्षेत्र जुन छुट्न गएको थियो । अनुसूची-३ मा संशोधन गर्नको लागि र नेपालको नक्सा सच्याउनको लागि छुटेको भूभागलाई व्यवस्था गर्नको लागि संविधान संशोधन हुन गइरहेको छ । हाम्रो लागि यो असाध्यै गौरवको विषय इतिहासमा नेपालको राष्ट्रियता, राष्ट्रिय अखण्डता, सार्वभौमिकताको सन्दर्भमा हामी संसदमा उपस्थित भएर यसलाई संशोधन गर्न अवसर पाएका छौँ । एक युगमा एक दिन यस प्रकारको आउँछ, जसले उथलपुथल ल्याउँछ भन्छन् । हामी हाम्रो राष्ट्रिय अखण्डतालाई सुनिश्चित गर्नको लागि संविधान संशोधन गर्दैछौँ । सर्वप्रथम म यो संविधान संशोधन र यो प्रस्तावलाई हार्दिक स्वागत, अभिवादन गर्न चाहन्छु । प्रतिनिधिसभाबाट पारित भएर सन्देश सहित राष्ट्रिय सभामा यो पेश भएर आज छलफल र संशोधन हुन गइरहेको, पारित हुन गइरहेको यो विधेयक यहाँसम्म ल्याउने, यहाँसम्म ल्याउनको लागि पहल कदमी गर्ने सरकार, सरकारको नेतृत्व गर्ने प्रधानमन्त्रीज्यू र यो संशोधन विधेयकमा सहमति जुटाएर, पहिले नै सहमति जुटाएर राष्ट्रिय सहमति कायम गरेर यसलाई पारित गरेर पहल गर्नुहुने प्रधानमन्त्री र त्योसँग सम्बन्धित सबै राजनीतिक दलका आदरणीय साथीहरूलाई म हार्दिक धन्यवाद दिन चाहन्छु ।

राष्ट्रियता, राष्ट्रिय अखण्डता र सार्वभौमताको सन्दर्भमा नेपाली जनता एक ठाउँमा छन् । एक ढिक्का छन् भन्ने सन्देश राष्ट्रिय रूपमा र अन्तर्राष्ट्रिय रूपमा यसले दिएको छ । यो निरन्तर रूपमा कायम रहने छ । हाम्रो राष्ट्रिय एकता निरन्तर रहने छ । मैले त्यो विश्वास लिएको छु । हामीले इतिहासमा लोकतन्त्र र राष्ट्रियताको लागि डेमोक्रेसी र नेश्नालिटी अर्थात् राष्ट्रियता र प्रजातन्त्रको लागि हामीले लामो लडाइँ लड्यौँ । लडाइँ लड्दाखेरि हामी कतिपय सन्दर्भमा एक ठाउँमा हुन सकेका थिएनौँ । निरङ्कुश, तानाशाही पञ्चायती व्यवस्थाको अन्त्य गर्नको लागि आदरणीय नेता गणेशमानज्यू र हाम्रो कमरेड मनमोहन अधिकारीले पहल कदमी गर्नुभयो र राष्ट्रिय एकताको सुरुवात गर्नुभयो । इतिहास त्यहीँबाट सुरु हुन्छ नेपालमा । राष्ट्रिय समस्याहरूलाई समाधान गर्नको लागि लोकतन्त्रको लोकतान्त्रिक अधिकार प्राप्त गर्नको लागि र राष्ट्रिय हित र राष्ट्रिय स्वाधिनता रक्षा गर्नको लागि राष्ट्रिय एकता आवश्यक छ र त्यो आवश्यक एकताको पहल कदमी गर्ने दुवै जना कमरेड मनमोहन, आदरणीय कमरेड मनमोहन र गणेशमानलाई म हार्दिक नमन गर्दछु । त्यहाँबाट नै हाम्रो संयुक्त मोर्चा नीति यी दुवै विषयमा लडाइँ गर्नको लागि नीतका अग्रसर र अगुवा उहाँहरू हुनुहुन्थ्यो ।

त्यस्तै किसिमले हामीले लोकतन्त्रको लागि सम्पूर्ण राष्ट्र एक ठाउँमा भयो, हामीले लोकतन्त्र प्राप्त गर्‍यौँ । फेरि गणतन्त्रको लागि सम्पूर्ण राष्ट्र एक ठाउँमा भयो । गणतन्त्र नेतृत्व गर्ने दुई जना नेता गिरिजा प्रसाद कोईराला र कमरेड प्रचण्ड जो हाम्रो पार्टीको अध्यक्ष हुनुहुन्छ । उहाँहरूको र सम्पूर्ण राजनीतिक दलका साथीहरूको त्यसमा संलग्नता र सहभागिताको कारणले हामीले गणतन्त्र ल्याउन सफल भयौँ । मलाई आत्मविश्वास छ, नेपाली जनता एक ठाउँमा छ, एक ढिक्का छ । हामी एक ठाउँमा उपस्थित भएका छौँ र हाम्रो भूमि जो चाहिँ हामीले गुमाइरहेका छौँ, त्यो भूमिलाई फिर्ता गर्नको लागि हामी सक्छौँ, सफल हुन्छौँ । मलाई चाहिँ त्यो दृढ विश्वास छ ।

मैले अलिकति ऐतिहासिक पृष्ठभूमि राख्न चाहन्छु, १८१५ फेब्रुअरीमा बेलायतले, कम्पनी सरकारले १० बुँदे अत्यन्तै खतर्नाक, घातक सम्झौता पठायो, सहमति पठायो, पश्चिमको किल्लातिर लडाइँ गर्ने अमरसिंह थापा र भिमसेन थापा थिए । उनीहरू सहमत भएनन्, नेपाल सरकार सहमत भएन, फेब्रुअरीमा । त्यसपछि त्यसलाई केही परिमार्जन गरेर कम्पनी सरकारले अर्को प्रस्ताव पठायो । त्यो प्रस्तावमा पनि १८१५ को डिसेम्बरमा अर्को प्रस्ताव आयो । डिसेम्बरमा अर्को प्रस्ताव आएपछि दुवै नेताहरू पनि लडाइँ लडिराखेका मोर्चामा लडेका नेता पनि सहमत भएनन् । सरकार पनि सहमत भएन, त्यसबेला । तर पछि ८५ तोपको शक्ति र सम्पूर्ण शक्ति अंग्रेजको सम्पूर्ण शक्तिलाई केन्द्रित गरेर मकवानपुरतिरबाट काठमाडौं उपत्यका आक्रमण गर्नको लागि अंग्रेजहरू आए । त्यो बेलामा असाध्यै ठूलो र कठिन परिस्थितिमा सुगौली सन्धि भयो । यो १८१६ मार्च ४ मा सुगौली सन्धि भएको छ । तर नेपाली जनताले, नेपालका राजनीतिक दलहरूले स्वीकार गरेन । अंग्रेज साम्राज्यवादको त्यसबेलाको दादागिरिका कारणले हामीले हाम्रो महाकालीभन्दा पश्चिमको जो सबभन्दा ठूलो भूभाग थियो, त्यो भूभाग हामीले गुमायौँ र पूर्वतिरको दार्जिलिङ्ग समेतका भूभागहरू समेत हामीले गुमायौँ र १८१६ मा भएको सुगौली सन्धिको

धारा ५ मा स्पष्ट रूपमा त्यो सर्तमा ५ नम्बर बुँदामा अहिले पनि त्यो ५ नम्बर बुँदा जिउँदै छ । त्यो ५ नम्बर बुँदामा महाकाली पश्चिम नेपाल नआउने भनेको छ । महाकाली नदी साझा नदी हो भनेर हामीले एक पटक २०५२/५३ मा नारा लगायौँ सडकमा । महाकाली नदी साझा नदी होइन, महाकाली नदी नेपालको हो । त्यो सन्धिको मर्म अहिले पनि हामी पढ्न सक्छौँ, हेर्न सक्छौँ । सुगौली सन्धिको ५ नम्बर बुँदाले महाकाली पश्चिमको भूभागमा नेपाल नआउने मेचीपूर्वको भूभाग नजाने । त्यो बेला हामीले नेपालको एक तिहाई भूभाग हामीले गुमाएका छौँ । १ हजार ८ सय वर्ग किलोमिटर हाम्रो भूभाग अंग्रेज साम्राज्यवादले लुटेर लगेको छ । त्यसकारणले त्यो भूभाग हाम्रो लुटेर लगेको हो । भारत अंग्रेज साम्राज्यवादको विरुद्ध लड्यो, हामी पनि त्यसमा सहभागी भयौँ । नेपाली युवकहरू, नेपाली नेताहरूले त्यसलाई समर्थन गरे । भारतको सार्वभौमिकता, स्वतन्त्रता रक्षाको लागि नेपालीहरूले रगत बगाए । हामीले त्यसमा समर्थन गर्‍यौँ । हाम्रो असल मित्र हो । त्यसकारण असल मित्रले आफ्नो असल मित्रताको पहिचान दिनु पर्दछ । मित्रता खरिद गरेर पाइने चीज होइन । मित्रता बजारमा किन्न पाइने चीज होइन । मित्रता भनेको आत्मीय हुन्छ, हार्दिकता हुन्छ । मलाई के लाग्छ भने साँच्चै मित्र भारतले नेपाललाई मित्रता मानेको छ, हामीले मित्र मानेका छौँ, असल मित्र मानेका छौँ । भारतले चाहिँ हामीलाई असल मित्र मान्ने हो, असल मित्र ठान्ने हो भने यो अंग्रेज साम्राज्यवादले लुटेर हाम्रो भूभागमा मिसाएको भूभाग तपाईंहरूको हो, तपाईंहरूको मुटु काटेर एतातिर मिसिएको छ, असल मित्र । त्यसकारण महाकाली पश्चिमको चाहिँ किल्ला काँगडासम्मको जमिन तपाईंहरूले लिनुस् भनेर चेलीबेटीको नाता हो, डोलीबेटीको नाता हो भारतका हाम्रा नेताहरूले भन्नुहुन्छ । यदि त्यसो हो भने त्यसलाई सगौरव फिर्ता गर्दिने दार्जलिङ्ग हामीलाई फिर्ता गरिदिनु पर्दछ र काँगडासम्मको हामीलाई भूमि फिर्ता गरिदिएपछि यो तपाईंहरूको नासो हो, यो बुझ्नुस्, यो अंग्रेज साम्राज्यवादले लुटेर लिएको गएको भनेर भन्नु पर्छ । अहिले बेलायतको संग्रहालयमा कोहिनुर हिरा छ । मैसुरको टिपु सुल्टानको दरबारबाट अंग्रेजले हैदरावादका नबावलाई प्रभावमा लिएर लुटेर लिएर गएका छन् । अहिले पनि भारतीय नेताहरूले, भारतका राजनीतिक पार्टीका दलहरूले, भारतीय जनताले, भारतीय आत्माले र हाम्रो आत्माले पनि त्यो भारतको कुहिनुर हिरा अंग्रेजले लुटेको कुहिनुर हिरा फिर्ता गर्नुपर्छ भारतलाई भनेर हामीले भनेका छौँ, आवाज उठाएका छौँ । वास्तवमै त्यही कुरा हो भने हाम्रो अंग्रेजले लुटेको जमिन अंग्रेज भारतबाट भागिसकेपछि नेपाली मित्रहरू तिम्रो हामी अनन्त मित्र हौँ । तपाईंहरूको अंग्रेजले लुटेको भूभाग तपाईंहरूले फिर्ता लिनुस् भनेर त्यो गर्नुपर्छ । त्यो भएन । हामीले त्यो भूभागको माग गरका छैनौँ । १९६२ मा भारतलाई अप्ठ्यारो थियो । अप्ठ्यारो परिस्थितिमा हामी नेपालीहरूको सदासहायता, मित्रता, आत्मियताले हामी बस्छौँ, हाम्रो चेक पोष्ट राख्छौँ भनेर भारतले भन्यो । अंग्रेजसँग लडाइँ हुँदै थियो । भारतको अप्ठ्यारो हामीले बुझ्यौँ । भारतको मर्मलाई हाम्रो नेपाली जनताले आत्मसात गर्‍यो सरकारले पनि आत्मसात गर्‍यो । त्यसकारण कालापानी लगायतका उत्तरी सीमामा भारतीय चेकपोष्टहरू राख्न अनुमति दियो नेपाल सरकारले । त्यो मित्रताको प्रतिक थियो । आज जुन ठाउँमा गएर त्यो मित्रतालाई जुन ठाउँमा तिमी बस भनेर बस्न आउँछ, मैले बास पाइनँ, मैले एक दिन बस्न दिनुपर्‍यो । दुई दिन, पाँच दिन बास बस्न दिनु पर्‍यो

भनेर बास बस्न आउने । तेरो घर राम्रो रहेछ, तेरो घर सुन्दर रहेछ, तेरो बारी उर्वरा रहेछ । तेरो खेत फर्टाइल रहेछ । त्यसकारण मैले छोड्दिनँ भनेर भन्न मिल्छ ? भारतले त्यस्तो भन्न मिल्छ । त्यसपछि मित्रताको कुरा गरेर मित्रता हुन्छ ? त्यसैकारणले भारतले छिटोभन्दा छिटो हाम्रो लिपुलेक, लिम्पियाधुरा र कालापानी क्षेत्रमा जहाँ भारतीय सेना बसेको छ, कुनै पनि साम्राज्यवाद बुटले नेपाली भूमिलाई अपवित्र बनाउन सकिन । हाम्रो राष्ट्रिय सार्वभौमिकता सगरमाथाभन्दा उच्च छ, पवित्र छ, शुद्ध छ । नेपालको भूमिमा अहिले भारतीय सेना बसेको छ । त्यो सेना चाहिँ फिर्ता हुनु पर्दछ । त्यो सेना फिर्ता हुनुपर्छ भन्ने नेपाली जनताको भावना हो, नेपाली जनताको ढुकढुकी हो, नेपाली जनताको एक्सपिएरेसन हो । त्यसलाई चाहिँ भारतीय मित्रहरूले सम्मान गर्छन्, सम्मान गर्नुपर्छ । अब यो कुरा उठिसकेपछि अहिलेसम्म चाहिँ सदासहायतापूर्वक हामीले भारतका सेनाहरू फिर्ता जान्छन् भन्ने प्रतिक्षा गरेर बसेका थियौं तर अहिले जब समय बित्दै गयो पछि चाहिँ भारतले यही गएको कार्तिकमा आफ्नो नक्सामा नेपालको भूमिलाई समेत आफ्नो क्षेत्रभित्र पारेर उसले आफ्नो भूमि भनेर दाबी गऱ्यो । यो सबभन्दा दुखद् विषय हो । यो दुःखको विषय हो । स्वयम् भारतीय नेताहरू नेपालसँग सम्बन्धित विशेषज्ञहरू एस.डी.मुनी आनान्द सरोवरमा र त्यहाँको प्रोफेसर जियानाको एसिया स्टडी गर्ने जो अहिले स्टडी गरिरहेका छन्, प्रोफेसर छन्, स्वीडेनमा बसेर युनिभर्सिटीमा अध्ययन गर्छन् । उनले समेत भनेका छन् । यो नेपालको भूमि हो । यो नेपालाई चिढ्याउनु हुँदैन । वार्ताबाट यो समस्याको समाधान गर्नुपर्छ त्यहाँ हाइड्रोलिक यदि त्यहाँ सीमा बिवाद भयो भने नदीमा बिवाद भयो भने त्यो नदीको मुहान कुन हो भनेर यदि बिवाद हुन्छ भने त्यसको जियोग्राफिकल सर्भे, हाइड्रोलिक सर्भे गरेर त्यो नदीको वहाव कहाँ हो ? कुन हो ? त्यसको गहिराई कति हो ? त्यसको स्थिति के हो भन्ने कुरा राष्ट्रिय रूपमा पनि यदि आफै बसेर समाधान गर्न सकिन्न भने अन्तर्राष्ट्रिय समुदायलाई बोलाएर पनि समाधान गर्नुपर्छ । नेपालको भूमि नेपाललाई फिर्ता गर्नुपर्छ भनेर त्यहाँका यी विद्वानहरूले, स्वयम् विद्वानहरू समेतले यो कुराहरूलाई बताइराखेका छन् । त्यसकारणले हामीलाई विश्वास छ, भारतमा भारतीय जनताहरू स्वयम् पनि यसलाई पनि फिर्ता गर्नुछ । त्यहाँका विद्वानहरूले पनि त्यहाँका विशेषज्ञहरूले पनि यो हाम्रो भूमि हो भनेर भारतीय जनताले भनेका छैनन् । अहिलेका शासक वर्गले र त्यहाँका सेनाले कब्जा गर्ने भनेर जसरी राख्यो त्यो भूल भएको छ । भूलबस मित्रहरूले भूल गर्न सक्छन् । त्यो भूल हुन सक्छ । नक्सा बनाउने बेलामा त्यो भूलबस हाम्रो भूमि भारतको भूमिमा परेको होला । जस्तो चाहिँ हाम्रो भूलबस् त्यो नक्सामा छुट्न गयो, हामीले सच्याउँदैछौं । त्यस्तै भूलबस चाहिँ भारतीय नेताहरूले आफ्नो क्षेत्रलाई त्यहाँ पारेका छन् भने त्यसलाई फिर्ता गर्नुपर्छ । म के भन्न चाहन्छु भने मैले अगाडि नै भनें, मित्रता भनेको विश्वास हो । मित्रता भनेको आत्मियता हो । हामी दुवै छिमेकी मित्र हौं । हामीले मित्रतालाई कहिल्यै कमजोर गराउन चाहँदैनौं । नेपाली जनता र भारतीय जनताको बीचको मित्रता भनेको युगौंदेखि पुरानो मित्रता हो भनेर भारतीय नेताहरूले भन्नु भएको छ । अस्ति मात्रै रामनाथ सिंहले पनि यो कुरा भन्नु भएको छ । यो चेलीबेटीको नाता हो । चेलीबेटीको नातामात्रै होइन, हाम्रो ऐतिहासिक नाता सम्बन्ध छ । त्यति मात्रै छैन अझ हाम्रो आध्यात्मिक सम्बन्ध पनि छ भनेर उहाँले आध्यात्मिक सम्बन्धमा जोड दिनु भएको छ ।

हिन्दु धर्मले कसैलाई दुःख दिने भनेको छैन । “अष्टादश पूराणेशु व्याससः वचन द्वयम् परोपकार पूण्यायः पापया परपीडनम्” । अर्कालाई पीडा दिनु भनेको छैन । अपराध हो, हिन्दु धर्मले अपराध भन्छ । हिंसा भन्नु भनेको अपराध हो । हिंसा गर्न भारत चाहँदैन, भारतका मित्रहरू चाहँदैनन् । यदि धर्मको आधारमा राज्यसत्ता सञ्चालन गर्ने भनेर अहिलेको सरकारले भन्छ भने पनि हाम्रो धर्मले, हाम्रो नीतिले, हाम्रो संस्कारले, हाम्रो संस्कृतिले अरुको चित्त दुखाउन मिल्दैन, नेपालीको चित्त दुखाउन मिल्दैन । नेपालीको मुटु काटेर हामीले दिन सक्दैनौं । त्यसैकारणले हाम्रो यो जमिन फिर्ता हुनुपर्छ । यो फिर्ता हुनुपर्छ भन्ने मान्यताको आधारमा अहिले यो संविधान संशोधन हुन गइरहेको छ । यसको लागि पहल कदमी गर्ने, इतिहासमा यो अवसर आएको थिएन । हिजो इतिहासको एउटा-एउटा कालखण्डमा नेताले अगुवाइ गर्नु भएको थियो । अहिले हाम्रो प्रधानमन्त्री कमरेड ओलीले यो सरकारको नेतृत्व गर्नु भएको छ । राष्ट्रिय राजनीतिको नेतृत्व गर्नु भएको छ र यो सन्दर्भमा यो मुद्दालाई ल्याउने वाला अवसर इतिहासमा उहाँलाई यो अवसर मिलेको छ । हामी एक ढिक्का हुँदाखेरि पञ्चायत ढाल्यौं, एक ढिक्का हुँदाखेरि गणतन्त्र ल्यायौं, एक ढिक्का भएपछि हामीले हाम्रो जमिन फिर्ता गर्छौं । यसकारणले आज हामी यो फिर्ता गर्ने विधेयकलाई पारित गर्न गइरहेका छौं । हामी सबैले एक मतले यो विधेयक पारित गर्छौं । सबै साथीहरूले एक मतले पारित गरिदिनु हुनेछ भन्ने विश्वास छ ।

आज नेपालको सरकारको लागि हाम्रो लागि एउटा ठूलो अवसर यो पनि छ, हामीसँग अलि परिपक्व प्रतिपक्ष छ । राष्ट्रिय राजनीतिक एजेण्डाहरूमा महत्वपूर्ण राष्ट्रको हितको सन्दर्भमा प्रतिपक्ष एक ठाउँमा भएको छ । उसले यदाकदा आलोचना गर्नु, विरोध गर्नु धर्म हो । प्रतिपक्षको धर्म हो । यदि बेलाबखत टिकाटिप्पणी भएन, आलोचना भएन भने, खबरदारी भएन भने सरकारको खबरदारी भएन भने त्यो प्रतिपक्षको धर्म निर्बाह गरेको हुँदैन । हिजो हामीले संसदमा विधेयक पेश गर्दाखेरि बाकस पनि तोडफाड गर्ने, लिने गरेका थियौं । अहिले प्रतिपक्षले त्यो गरेको छैन, हामीले गरेका छैनौं भनेर प्रतिपक्षले भनेको छ । आज हामी सबै एक ठाउँमा राष्ट्रिय हितका विषयमा एक ठाउँमा छौं । त्यसकारणले हामीले अहिलेको एक्काइसौं शताब्दीमा मैले भन्ने गरेको छु, एक्काइसौं शताब्दीको सन्दर्भमा हाम्रो राष्ट्रिय एकता, सहमति र सहकार्य अनिवार्य विषय हो । हामी हरेक यस प्रकारका समस्याहरूलाई सहमति र सहकार्यको बीचबाट सकारात्मक रूपमा निश्कर्ष निकाल्नको लागि पहल गर्नेछौं, प्रयत्न गर्नेछौं । राष्ट्र अहिले सङ्कटको अवस्थामा छ, कोरोना भाइरसको पनि सङ्कटको अवस्थामा छ । त्यसैकारणले यो कोरोना भाइरसको विषयमा पनि प्रतिपक्ष लगायतका सम्पूर्ण राजनीतिक दलहरूले जुन प्रकारको सहयोग दिएका छन्, मद्दत दिएका छन् र यसलाई हामी सबै मिलेर समाधान गर्नुपर्छ भन्ने प्रकारको विषयहरू आएका छन् । यदाकदा सामान्य टिकाटिप्पणी हुँदाखेरि हाम्रो साथीहरूलाई अलिकति बिझाउँछ होला प्रतिपक्षले । मैले त्योलाई नराम्रो मानेको छैन, सकारात्मक सहयोग नै मानेको छु । यसलाई सकारात्मक रूपमै लिनुपर्छ । हामी असल परराष्ट्र नीतिमा विश्वास गर्छौं । हामी पञ्चशीलका सिद्धान्तमा विश्वास गर्छौं, हामी छिमेकीसँग राम्रो मित्रता, असाध्यै हार्दिक मित्रता चाहन्छौं । त्यसैकारणले हामीले वार्ता र सम्वादको माध्यमबाट यी समस्याहरूको

समाधान गर्ने, हाम्रो भूमि फिर्ता लिनको लागि हाम्रो प्रयत्न निरन्तर जारी रहन्छ र सम्पूर्ण जनताको, सम्पूर्ण राजनीतिक दलहरूको समर्थन र सहयोग हुनेछ ।

जहाँसम्म एउटा प्रश्न उठ्ने गरेको छ, मैले भन्ने पनि गरेको छु पटक-पटक । खबरदारी गर्ने, नेपालको सार्वभौमिकताको रक्षा गर्नको लागि माटोको रक्षा गर्नको लागि, भूमिको रक्षाको लागि मधेशको सबभन्दा महत्वपूर्ण सीमामा रहने जनताको र मधेशको सबभन्दा ठूलो भूमिका छ । त्यहाँका जनताहरूको राष्ट्रिय भावना उच्च प्रकारको राष्ट्रिय भावना छ । हामीले त्यो भावनालाई कहिल्यै पनि कुण्ठित हुने वा प्रश्न उठ्ने ठाउँहरू दिनु हुँदैन । बेलाबखतको सन्दर्भमा हामीहरूले मधेशबाट उठेका प्रश्नहरूको सम्बोधन गर्नको लागि भोलिका दिनहरूमा संविधान संशोधन गर्ने एउटा उपयुक्त परिस्थितिमा त्यसलाई संशोधन गरेर ती भावनाहरूलाई आदिवासी, जनजाति, महिला, दलित उत्पीडित वर्गका भावनाहरूलाई सम्बोधन गर्ने गरी हामीले अर्को तेस्रो, चौथो संविधान संशोधन गरेर, त्यसलाई पनि सम्बोधन गरेर जानुपर्छ भन्ने कुरामा पनि म यहाँ राख्न चाहन्छु । त्यसैकारण यो एउटा गर्वको दिन हो, गौरवको दिन हो । आजको दिन राष्ट्रिय सभाबाट पारित भएपछि मात्रै यो आजै प्रमाणीकरण हुन्छ । म सरकारलाई आजै यो हामीले पास गरौं र आजै राष्ट्रपतिज्यूले यसलाई प्रमाणीकरण गर्नु हुनेछ । म सरकारलाई यो आग्रह गर्छु, अनुरोध गर्छु । यसका साथसाथै आज हाम्रो यो खुशीको दिन भएको हुनाले हामी सम्पूर्ण नेपालीहरूले साँझ दीपावली गर्ने र आ-आफ्नो घरमा हामीले झण्डा फहराउनको लागि पनि सम्पूर्ण प्रतिपक्षका साथीहरू, हाम्रा सम्पूर्ण साथीहरू र सरकारले यस बारेमा निर्देशन दिओस् । हामी पनि त्यो दिशामा लागौं । यो कुरा राख्दै यो संविधान संशोधनको प्रस्तावलाई समर्थन गर्दै र यसको अगुवाई गर्ने सरकार र यसको अगुवा नेतालाई फेरि पनि धेरैधेरै धन्यवाद सहित सम्पूर्ण नेपाली जनताको एकता जिन्दावाद । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्षः</u>**- माननीय राधेश्याम अधिकारी ।

**<u>माननीय श्री राधेश्याम अधिकारी (नेपाली काँग्रेस)</u>**:- सम्माननीय अध्यक्षज्यू, आज हामी एउटा ऐतिहासिक अवसरमा नेपालको संविधानको दोस्रो संशोधन गर्न लागिरहेका छौं र नेपालको संविधानको यो दोस्रो संशोधन विधेयकलाई मेरो दल नेपाली काँग्रेस र आफ्नो तर्फबाट समेत समर्थन गर्ने व्यहोरा सुरुमै अवगत गराउन चाहन्छु ।

यो संविधान संशोधन जस्तो कि मभन्दा अगाडिको पूर्ववक्ताले भनिसक्नुभयो । के कारणले आएको छ भन्दाखेरि यसले चाहिँ हाम्रो छुटेको भूभाग जो नक्सामा राख्नुपर्ने थियो त्यो नक्सा जारी भएपछि त्यो अनुसारको संविधानमा रहेको निशान छापको नेपालको नक्सामा पनि संशोधन गर्नुपर्‍यो । त्यसकारणले गर्दाखेरि हामीले यो संशोधन गर्नुपर्ने थियो । त्यसैकारणले गर्दाखेरि आज हामी संविधान संशोधनको लागि बसेका छौं, त्यसको पक्षमा

उभिएका छौँ । अनि किन उभियौँ त हामी ? संविधान संशोधनमा यो नेपालको नक्साको पक्षमा किन उभियौँ ? यस बारे म केही कुरा राख्न चाहन्छु ।

यो हाम्रो र भारतको बीचमा, नेपालको पश्चिमी सीमानामा, दक्षिणी सीमाना, पूर्वी सीमाना सबै सुगौली सन्धिले तय गरेका हुन् । विशेष गरेर अन्त अलि हेरफेर पनि भएको छ । तर पश्चिमको सीमानाको सम्बन्धमा कुनै किसिमको बिवाद छैन र केमा बिवाद छैन भन्दाखेरि त्यो काली नदी पश्चिम भारत भनेर भनेको छ । सिधा, त्यसमा दायाँबायाँ कुरा छैन । भनेपछि काली नदीपूर्व के भयो, स्वतः नै नेपाल भयो, नेपालको भूभाग भयो । अब त्यो कुरा प्रमाणहरूको हकमा हामीले यति मात्रै भने पुग्छ, सुगौली सन्धि जारी भएपछि जति वटा लस्करै पचासौँ वर्षसम्म जुन विभिन्न खालका नक्साहरू बने ती नक्साहरूले यो कुराहरूलाई एकनासले लिम्पियाधुराबाट तल झरेको खोला काली नदी हो भनेर भनेको छ । त्यसकारणले गर्दाखेरि यो काली नदीको पश्चिम भाग भारत र पूर्व भाग नेपाल भनेर भनेको हुनाले अहिलेको हाम्रो नक्सा, नेपालको नक्सा केको जगमा भन्दाखेरि सुगौली सन्धिको जगमा उभिएको छ र सुगौली सन्धिपछि पश्चिमको नक्सा हेरफेर गर्नेगरि विभिन्न शासकहरू, विभन्न प्रणालीहरू यो मुलुकमा आए, गए तर के छ भन्दाखेरि सुगौलि सन्धि बाहेक अर्कोले हाम्रो सीमाको निर्धारण गरिदिएन । यो कुरामा फेरि बिवाद छैन । अनि यसै बीचमा यो १९६२ को भारत-चीनको युद्ध हुँदाखेरि भारत आफ्नो कारणबस ऊ नेपालको त्यो सीमानामा आएर एउटा सानो प्रहरी चौकी, यसलाई इण्डियन-तिब्बतीयन पुलिस भन्छन्, त्यो आएर बस्यो । त्यो अहिले विस्तृत भएको छ । त्यो अहिले हजारौँको सङ्ख्यामा छ । त्यो चेकपोष्ट जुन बस्यो, त्यो के छ भन्दाखेरि त्यो बसेको भूभागमा त्यतिबेला पनि तिरो तिरान, जनगणनादेखि लिएर सबै कुरा कसले गरेको छ भन्दाखेरि नेपालले नै गरेको छ । अब उनीहरू आएर बसिसकेपछि यो भारत-चीन युद्धपछि भारतको इण्डियन बोर्डर तिब्बतीयन पुलिस त्यसमा आएर बसिसकेपछि एउटा प्रश्न अहिले मैले भारतीय मित्रहरूले चाहिँ उठाएको देखेको छु । नेपालमा १८ वटा चेकपोष्ट थिए । १७ वटा चेक पोष्ट फर्किदा त्यो एउटा चेकपोष्ट चाहिँ किन बसेको ? अर्थात् नेपालभित्रका १७ वटा चेक पोष्ट जाँदाखेरि त्यो नेपालकै भएको भए त त्यो पनि जान्थ्यो नि भन्ने कुरा, यहाँ बिर्सन नहुने कुरा के छ भने १७ वटा चेक पोष्ट २००८ सालमा नेपाल भारतको सन्धिले मिलाएर हामीले हाम्रो आर्मीलाई टेर्निङ्ग दिनलाई भनेर बोलाएको र त्यसैको आधारमा उत्तरमा १७ वटा चेक पोष्ट बसेको तर १९६२ को हामीले बोलाएको पनि होइन, भनेको पनि होइन । आफै आएर बसेको हो र त्यसदिनदेखिको अहिलेसम्म उहाँको भोगाधिकार चाहिँ छ र हामी कानूनको विद्यार्थीले दुई वटा शब्द प्रयोग गर्छौं । एउटा पोजेजन, अर्को ओनरसीप ओनरसीप भनेको स्वामित्व हो, भोगाधिकार भनेको चाहिँ केही कालसम्म बस्ने कुरा हो । उहाँहरूको अहिले त्यसमा भएको कुरा के हो भने भोगाधिकार हो । किनभने उहाँहरूले आज हामीलाई समेत जान नदिने अवस्था सिर्जना गर्नु भएको छ । त्यति मात्रै कुरा भएको हो । त्यसकारणले गर्दाखेरि मैले यो कुरा राखेँ ।

अर्को एउटा कुरा पनि छ । जुन बेलामा चाहिँ भारतीय फौज त्यहाँ आएर बसेको छ । त्यो बेलामा म कसैलाई यो दोष दिनलाई भनिराखेको होइन । राजाले भर्खरै संसद

विघटन गरेका थिए । तपाईँ हामी सबैलाई थाहा छ । २०१७ साल पुस १ गते नेपालको संसद विघटन भएको थियो । नेपालका प्रभावशाली नेताहरू सबै जेलमा थिए । त्यो बेलामा आन्तरिक रूपमा आफू कमजोर भएपछि शासकले अरुसँग फेरि तयो झनझटमा फस्न सक्दैन । त्यो बेलामा नै यो कुराको जुन लिनु पर्ने अडान हो, त्यो लिन नसकेको साँचो कुरा हो । त्यो बेलाको परिस्थिति विचार गर्नुपर्छ । ऐतिहासिक परिस्थितिलाई पनि विचार गर्नुपर्छ । ऐतिहासिक परिस्थितिलाई पनि विचार गर्नुपर्छ । तर कुनै पनि लिखतबाट यो चाहिँ तिम्रो हो भन्ने ती शासकहरूले पनि गरेका छैनन् । यो कुरा चाहिँ फेरि स्पष्ट छ । त्यसपछि यो कुराले गर्दाखेरि नेपालको स्वामित्वमा रहेको कालापानी क्षेत्र भारतको हक स्थापित हुन्न । स्वामित्व हाम्रो हो, भोग उनले गरेर बसे । तर त्यसमानेमा यो चाहिँ मेरै स्वामित्वको भयो भनेर जसरी नक्सा बनाउने काम भएको छ, भारतले त्यो कुरा चाहिँ हामीले स्वीकार गर्न सक्दैनौँ ।

अनि आजको स्थिति चाहिँ के हो ? अलिकति त्यस बारेमा म राख्न चाहन्छु । अब यो नेपाल-भारतको सीमा तय गर्न गठित यो प्राविधिक समितिले हाम्रो सबै सिमाङ्कन गऱ्यो । नेपाल-भारतको सिमाङ्कन गऱ्यो । त्यो नक्साङ्कन गर्ने कार्य झण्डै ९७ प्रतिशत भयो, सकियो भनिन्छ । तर कालापानी, सुस्ता लगायत केही ठाउँलाई दुवै पक्षले बिवादित भनेर नक्साङ्कन हुन बाँकी रहेको छ । त्यो चाहिँ दुवै पक्षले के स्वीकार गरेका छन् भन्दाखेरि यो बनाउने क्रममा पनि कालापानी र सुस्ता चाहिँ बिवादित भनेर भनेको हुनाले ल ठीक छ बिवादित भएदेखि अहिले नगरौँ । अझ उनीहरूले भइसकेको नक्सालाई स्वीकार गरौँ, यो बिवादितलाई चाहिँ राखि छोडौँ भनेर हामीले मानेका छैनौँ । यो आजको स्थिति हो । अर्को स्थिति के हो भने यो बिवादित विषय हो भन्ने जान्दाजान्दै मे, २०१५ मा भारत र चीनले संयुक्त विज्ञप्ती जारी गरे र त्यसमा लिपुलेक भएर सडक जाने मञ्जुर गरे । त्यसमा त्यसबेलाको सरकारले, नेपाल सरकारले त्यो बेलामा दुवै मित्रलाई हामीले विरोध गरेर चिठी पठाएका छौँ । यो कुरा पनि यहाँ उल्लेखनीय हुन आउँछ । अनि केही महिना अगाडि जब जम्मु कास्मिरलाई भारतले ३ भागमा बाँड्ने निर्णय गऱ्यो, त्यो पुनर्गठन गर्ने क्रममा जुन नक्सा जारी गर्ने काम गरियो, त्यो गर्दाखेरि कास्मिरमा मात्रै सीमित गरेर गरेको भए केही थिएन तर हाम्रो भूभाग, कालापानी क्षेत्रको भूभाग, लिम्पियाधुराको भूभाग यो समेत पनि जोडेर एकलौटी रूपमा नक्सा जारी गऱ्यो । यो नक्साको तत्कालै नेपालबाट विरोध भयो र सीमा जोडिएका अरु राष्ट्रले पनि यसमा चाहिँ विरोध जनाए । तर भारतले त्यसबेलामा के भन्यो भने जम्मु कास्मिरको पुनर्गठनको विषय हाम्रो आन्तरिक मामिलाको कुरा हो । त्यसमा तपाईँहरूले केही भन्न पाउनुहुन्न र हामीले त्यही कुरालाई नक्सा राखेका छौँ भनेर हामीले संसदबाट पनि यसको अनुमोदन गराइसकेका छौँ । जसलाई यी कुराहरूलाई स्वीकार गर्न सकिन्नँ भनेर जवाफ दियो । अर्थात् संसदबाट पास गरेको नक्सा भएको हुनाले गर्दाखेरि अरुको कुरा सुन्नु पर्दैन भन्ने आशयको त्यो बेलाको वक्तव्य छ । यहाँनेर यो कुरा उल्लेखनीय छ । अनि यस बीचमा अब नेपालले के गऱ्यो ? यो पनि हामीले हेर्नुपर्छ । कलापानी क्षेत्र भारतमा गाभेर नक्सा बनाएको कुरा संसदमा पनि जोडले उठ्यो अनि कालापानी क्षेत्र समेत सामेल गरी नक्सा जारी गर्न सरकारमाथि दवाब पऱ्यो । मैले एकदम

संक्षिप्त रूपमा सुत्रबद्ध रूपमा भनिराखेको छु । जनस्तरबाट पनि ठूलो दबाब पऱ्यो । जनस्तरबाट नक्सा नै जारी गर्ने काम भयो, विज्ञहरू बसेर र नेपाल सरकारले तैपनि नेपाल सरकारले संयमताकासाथ के भन्यो भन्दाखेरि यो कुटनीतिक माध्यमबाट यो विदेश सचिव स्तरीय बैठकबाट तत्काल बस्नुपऱ्यो, भन्यो । यसले हामीलाई धेरै अप्ठ्यारो पार्छ भनेर हाम्रो तर्फबाट अनुरोध भइरह्यो । यो चाहिँ फ्याक्ट, किनभने आज सबै भारतीय विज्ञहरूले पनि नेपालले यो भन्दाभन्दै पनि कुटनीतिक तहबाट कुरा गरौं भन्दाभन्दै पनि यो चाहिँ कोभिडपछि गर्ने भनेर जुन कुरा भन्यो, त्यो कुरा अस्वीकार्य छ भनेर हामीले होइन, आज सम्पूर्ण भारतीयहरूले यो कुरालाई मानेका छन्, भनेका छन् । त्यसकारणले गर्दाखेरि मैले अहिले के भन्न खोजको हो भन्दाखेरि त्यो त भएकै थियो, त्यसमा पनि नक्सापछि फेरि दिल्लीमा बसेर त्यो ट्र्याक रोड चाहिँ उद्घाटन गर्ने काम भारतीय रक्षा मन्त्रीले गर्नुभयो । यसले गर्दा के भयो भने आगोमा घ्यू थप्ने काम त्यसले गऱ्यो । त्यसकारणले गर्दा अब नेपाल सरकारसँग कुनै अर्को विकल्प रहेन । हामी विकल्परहित हुन्छ नि एउटा भित्तामा ठेल्दैठेल्दै जाँदाखेरि हामी भित्तैमा पुगिसकेपछि के हुन्छ ? बिरालोलाई त धेरै गर्नु हुँदैन भन्छन् भने हामी त मान्छे नै भयौं । मुलुककै कुरा आयो, मुलुकको जग्गाकै कुरा आयो, भूमिकै कुरा आयो । त्यसकारणले गर्दाखेरि नेपाल सरकारले दबावको बीचमा जनस्तरबाट, संसदबाट र सम्पूर्ण नेपालीको तर्फबाट जुन दबाव बढ्यो, त्यो दबावलाई स्वीकार गरेर यो नक्सा जारी गरियो र नक्साबाट जारी गरिसकेपछि अब स्वभाविक छ, संविधानमा रहेको, निशान छापमा पनि संशोधन गर्न अनिवार्य भयो । त्यसकारणले आज हामी यहाँ उपस्थित भयौं । अब यो आज राष्ट्रिय सभामा पेश भएको छ । केही समय पश्चात यो संशोधनबाट जसरी प्रतिनिधि सभाबाट एक मतले, सर्वसम्मतिले पास भएको छ, पक्ष र प्रतिपक्ष कोही रहेनन्, त्यस्तै यहाँ पनि कोही रहँदैन भन्ने म ढुक्क छु । त्यसरी यो पास हुनेछ । तर मैले यतिखेरै तपाईंसँग कतिले कुरा गरे होलान, त्यो आ-आफ्नो ठाउँमा छ, माननीय सदस्यहरू, सम्माननीय अध्यक्षज्यू, केही प्रश्नहरू यस बीचमा मसँग उठाइएका छन् । किनभने म संसदमा छु भनेर । म चाहिँ जनताको प्रतिनिधि भएका कारणले उठाएका छन् । जस्तै कि के नक्सा संसदबाट पारित गर्न पाइन्छ, एउटा प्रश्न ? के नक्सा संसदबाट पारित भएपछि वार्ताको गुञ्जायस रहन्छ ? दोस्रो प्रश्न । के वार्ताको वातावरण विग्रेको वा विगारिएको हो, हाम्रो तर्फबाट ? के अनायास, अपर्झट आजको निर्णयमा पुगिएको हो ? के हामी बस्तुगत आधारभन्दा बढी सम्बेदनशील भएका हौं ? के नक्सा जारी हुँदैमा भूमिमाथिको हाम्रो भौतिक भोगाधिकार कायम हुन्छ ? यस्ता Question हरू चाहिँ मैले well meaning person बाट पनि त्यो प्रश्नहरू आएका छन् । किनभने छलफलमा त बसियो नि । सबैतिरबाट कुराहरू सुनियो ? यो आएका छन् । म यो सबैमा जान समय छैन । म simply एउटा कुरा भन्छु । भारत भन्छ, हाम्रो संसदले पारित गरेको नक्साबाट हामी फर्कन सक्दैनौं । किनभने हाम्रो संसदले अनुमोदन गरेको छ । अनि हाम्रो नक्सा त्यस्तो होइन भनेपछि यदि हामीले आज यो जुन चाहिँ कालापानी क्षेत्रको समेत समेटेर नक्सा बनाएनौं भने स्ट्याटसको एन्टी कसरी हुन्छ ? पूर्वावस्थामा छलफल गर्न बस्दा पनि तिम्रो पनि संसदले पास गरेको छ, हाम्रो पनि संसदले पास गरेको छ फेरि पनि दुवै बसेर कुरा गर्नु पऱ्यो नि भन्ने ठाउँ चाहिँ कसरी creat हुन्छ ? त्यसो हुनाले मैले संक्षिप्तमा के भने भन्दाखेरि स्ट्याटसको एन्टीमा पुऱ्याउनको

लागि पनि यो जरुरी भयो । यो कुरा चाहिँ हामीले बुझ्नुपर्छ । यो कुरा चाहिँ सबै समक्ष, जनता समक्ष जुनजुन मान्छेले यसमा अलिकति शङ्का, उपशङ्क व्यक्त गरेका छन्, त्यो कुरा हो ।

दोस्रो कुरा, यो आज हामीले पास गर्‍यौं, भोलि हामी जग्गामा गएर कालापानीमा गएर लडाईं गर्ने होइन । हामी त फेरि पनि गर्ने त के हो भन्दाखेरि अबको बाटो भनेको त वार्ता हो, सम्वाद हो र सीमाको बिवाद टुङ्गो लगाउने हो । यो जे जति छन् आउट स्ट्यान्डिङ्ग इस्यूजहरू हो । त्यो सबैमा छलफल गर्ने हो । यसमा कुनै बिवाद छैन । हाम्रो अब मूल टार्गेट, हाम्रो मूल लक्ष्य भनेको कालापानीबाट भारतीय सेना फर्काउने र त्यहाँ हाम्रो नागरिक शासन त्यहाँ लागू गर्ने । यो हाम्रो अब लक्ष्य हो ।

यति भन्दाभन्दै पनि म अब अन्तिममा नेपाल-भारत सम्बन्धका बारेमा अलिकति कुरा राखेर आफ्नो कुरा टुङ्ग्याउँछु । मैले सधैं भन्दै आएको, योभन्दा अगाडिअगाडि पनि संसदको यो रोष्ट्रमबाट प्रयोग गरेको छु । नेपाल-भारत सम्बन्ध बहुआयामिक छ । भौगोलिक, आर्थिक, सामाजिक, साँस्कृतिक यी सम्बन्ध अटुट छ । वातावरण, वन, जङ्गल पहाड, हिमाल, मैदानी भाग सबैमा एकअर्कामा हामी जोडिन्छौं । क्लाइमेट चेन्जको सबै कुरामा हामी हिस्सेदार छौं, वातावरण परिवर्तनमा हामी हिस्सेदार छौं र सबैभन्दा ठूलो व्यापारिक साझेदार आज पनि भारत नै हो । सबैभन्दा अर्को महत्वपूर्ण कुरा के छ भन्दा अरु मुलुकसँग हुँदैन । हाम्रो खुला सीमाना छ । यो आजको बस्तुगत यथार्थ हो । अब कालापानीको भूभाग भनेको कति छ भन्दाखेरि ४ सय स्क्वायर किलोमिटरभन्दा बढी छैन । त्योभन्दा अलि कमै छ । अब नेपालको भुभाग कति छ भन्दाखेरि १ लाख ४७ हजार स्क्वायर किलोमिटर छ । अब ४ सय वर्गकिलोमिटरको बिवादलाई बल्झाइरहेर यो नेपाल-भारतको यति गहिरो मित्रतालाई सम्भवतः भारतले पनि यसलाई बढाई रहन नचाहाला । यो हाम्रो अपेक्षा हो । यसै कारणले पनि नेपालले वार्तामा जानलाई पर्ने हुनाले हाम्रो तर्फबाट एउटा होसियारी चाहिँ रहनुपर्छ जस्तो लाग्छ । त्यो के हो भने हाम्रो बोली, बचन सबै कुरामा संयमता चाहिँ जरुरी छ । हामीले सब्सट्यान्स छोड्ने होइन, सार छोड्ने होइन । बोलीमा किन चाहिँ तिक्तता लिएर आउने ? यो आवश्यक छैन भन्ने मलाई लाग्छ । त्यसकारणले गर्दाखेरि असंयमित भाषा, टिप्पणी गर्नु नेपालीको स्वभाव पनि होइन र कालापानी बिवाद नसकुन्जेल यसलाई लोकलाइज, स्थानीयकरण गरौं, कालापानी बिवादलाई र बाँकी अरु कुरामा नेपाल-भारतको मित्रतालाई हामीले अगाडि बढाऔं । धन्यवाद ।

**सम्माननीय अध्यक्षः**- माननीय शेखर कुमार सिंह ।

**माननीय श्री शेखर कुमार सिंह (राष्ट्रिय जनता पार्टी)ः**- सम्माननीय अध्यक्ष महोदय, आजको गरिमामय क्षणमा सदनमा उपस्थित हुँदा म पनि हर्षित छु । सभामुख महोदय, हामी पनि हिमाल, पहाड र तराईका बासी छौं । संयोगबस मेरो जन्म पनि तराईमा

हुन पुग्यो, म दशगजामा पढेँ । हिमालका काखीमा बस्ने नेपाली पनि  नेपाली हुन्, तराईका दशगजामा पनि देश रक्षक तराईवासी हुन् । हाम्रो पनि अर्को केही पनि पहिचान छैन । किन सम्माननीय अध्यक्ष महोदय, हाम्रो माथि बस्ने दाजुभाइहरू त पछाडि पर्नुहुन्छ । हामी त फ्रन्ट लाईनको फ्रन्ट सिपाही हौँ । त्यो पनि कसैले बिसर्नु हुँदैन र हामीले बेलाबेलामा परेको बेलामा हामी आफ्नो पहिचान पनि दिएर आइसकेका छौँ । त्यसैकारणले म आशावादी मान्छे पनि छु । सम्माननीय अध्यक्ष महोदय, हजुर मार्फत् म सम्माननीय प्रधानमन्त्रीज्यूप्रति पनि विश्वास राख्ने व्यक्तिमध्ये म पनि एउटा हुँ । किनकि मलाई अटुट विश्वास छ वा सम्पूर्ण नेपालीलाई एकै ठाउँमा लिएर हिँड्नुहुन्छ भनेर मलाई अटुट विश्वास छ । त्यसैकारणले हाम्रा दलबाट प्रतिनिधि सभामा पनि उठिसकेको कुराहरू नियमगत रूपमा अगाडि बढी नै सकेको छ । आजको दिनमा त्यसमा धेरै बोलिराख्नु पर्दैन र सम्माननीय प्रधानमन्त्रीज्यूमाथि विश्वास राख्दै उहाँ धेरै नजिकको समयमा पनि अहिले पनि हामीलाई समेटेर हिड्नु भएको छ । भोलि पनि हामीले समेटेर हिँड्नुहुन्छ र हामी नेपाली नै हुन्छौँ । त्यसमा बिमतिका कुरा छैन । हुन्छ, एउटा घरमा बस्दाखेरि त केही न केही कुराहरू यावतका कुरा आइपरेको हुन्छ । हामी त एउटा भूगोलको मान्छे हौँ । त्यसमा धेरै कुरा आएको होला । तर समाधान हुन्छ भन्ने म विश्वस्त छु । त्यस्तै धेरै लामोचौडा नगरिकन नेपाल सरकारले, सम्माननीय अध्यक्ष महोदय, खास गरेर यो ऐतिहासिक क्षणमा भएका नेता, ऐतिहासिक नेता मानिन्छ । आजको पनि पालो यो ऐतिहासिक क्षणको पालो पनि सम्माननीय प्रधानमन्त्रीज्यूले पाउनु भएको  छ । उहाँ बधाईका पात्रो पनि हुनुहुन्छ र उहाँ अटुट विश्वासका धनी शालिन र संयता अटुट भाषाको पनि धनी मलाई लाग्छ, उहाँ जुन कुराको समाधान हामी देखिराखेका छौँ । यो नेपाल र भारतका समबन्ध कहिल्यै पनि उहाँ खल्बल्याउन दिनुहुन्न र आफ्नै कार्यकालमा यो ऐतिहासिक निर्णय गरेर पनि उहाँले सफलता पाउनुहुन्छ र उहाँ दुई देशमा उठेका कुरा सार्वभौमलाई अलिकति छुएका नाताले आज हामी सबै बाध्य भएर रोष्ट्रममा आउनु परेको छ । यो भाषालाई उहाँले निकैसम्म बुझ्नु भएको छ । हामीले बुझाई राख्नु पर्दैन । उहाँले वार्ताकै रूपबाट पनि यो समाधानको निश्चित खोजी गरेर यी सदनमा हामी खुशीयाली उत्सव मनाउन सक्छौँ । यति म विश्वास राखेको छु । सँगै एउटा कुरा बोल्दाखेरि अलिकति मलाई पनि नराम्रै लागेको छ । हामी तपाईंहरूकै दाजुभाइ हौँ, हामीमाथि अविश्वास नगर्नुस् । कुनै अग्नि परीक्षा छ भने अगाडि सार्नुस् । त्यसमा हामी खडा उत्रिन्छौँ । त्यसमा कहिल्यै पनि तपाईंहरूसँगबाट खुट्टा कमाउने छैनौँ । अब सबैको त ग्यारेन्टी गर्न सक्दैन, हाम्रो समाजमा, मानव जातमा, जन्मदेखि नै हामी केही व्यक्तिहरू यस्ता आउँछौँ । त्यसलाई हामीले पनि मिनिमाइज गरेरै हिँड्नु पर्छ । हामी गरेर पनि हिँडेका छौँ । प्रतिनिधि सभाबाट पास भएर आएका विषयमा हामी अक्षर-अक्षर त्यसैलाई पालन गर्दै र यो संविधान सम्बन्धी विषयमा हामी एक छौँ, एक रहन्छौँ र आज यो रोष्ट्रमबाट म लगायत मेरा पार्टी पनि तपाईंहरूको समर्थनमा पनि उत्रिएकै हो । म पनि यो रोष्ट्रमबाट आज यसलाई स्वागत सहित पास गर्न गइरहेका छौँ । आजैका दिनमा सम्माननीय अध्यक्षज्यू, सम्माननीय प्रधानमन्त्रीज्यूले जति यथाशीघ्र राष्ट्रपतिज्यूनेर गएर यसलाई प्रमाणीकरण गराएर हामीले देशवासीको नाममा पठाइदियौँ भन्ने एउटा हो ।

अर्को हर्षोल्लासको वातावरण बन्छ र यो हर्षोल्लासको वातावरण बनाउनलाई पनि हामी बेलुका सम्पूर्ण नेपाली एकै ढिक्का भए जस्तै, एकै ढिक्का छौं, एकै ढिक्का रहन्छौं, हामी दीपावली पनि मनाऔं । यति आग्रह राख्दै म आफ्नो दुई शब्द यहीँ अन्त्य गर्छु । आज पनि छु, भोलि पनि छु, पर्सि पनि रहन्छु भन्दै आफ्नो दुई शब्द यहीँ अन्त्य गर्दछु । धन्यवाद ।

**सम्माननीय अध्यक्षः**- माननीय प्रमिला कुमारी ।

**माननीय श्री प्रमिला कुमारी (समाजवादी पार्टी)ः**- सम्माननीय अध्यक्ष महोदय, नेपालको संविधानको अनुसूची-३ को निशान छापभित्र अङ्कित नेपालको नक्सालाई नेपालको वास्तविक सीमा अनुरूप मिलाउन आवश्यक भएकोले नेपालको संविधानको अनुसूची-३ मा संशोधन गर्ने प्रयोजनको लागि माननीय कानून, न्याय तथा संसदीय मामिला मन्त्रीज्यूले प्रतिनिधि सभाबाट सन्देश सहित संशोधन विधेयक यस सम्मानित राष्ट्रिय सभामा पेश गर्नु भएको छ । सो विधेयकमाथिको सैद्धान्तिक छलफल भइसकेको र आज दफावार छलफल भई पारित हुन लागेको अवस्था छ । राष्ट्रको सार्वभौमसत्ता, राष्ट्रिय अखण्डता र राष्ट्रिय हितमै सर्वोपरिको, नेपालको Foregin policy inter relation establishment को सम्बन्धमा पृथ्वीनारायण शाहले एउटा राम्रो कुरा भन्नु भएको थियो । हामीले भारत र चीनसँग जति असल सम्बन्ध राख्न सक्छौं, त्यति नै नेपालको सुरक्षा र हित हुन्छ । त्यसलाई हामीले पनि फलो गर्न जरुरी छ र अहिलेको समस्या पनि दुई पक्षीय वार्ताद्वारा समाधान गर्नु अति आवश्यक छ । ४ मार्च, १८१६ मा भएको सुगौली सन्धिले काली नदीलाई सीमाना नदी भनिएको छ । यस सन्धिले नदीको पश्चिमपट्टिको भूभाग भारत हो भनेको छ । तर त्यसपछि सन् १९९६ (वि.सं. २०५२) मा भएको महाकाली सन्धिको प्रस्तावनामा लेखिएको छ, Recognizing that the Mahakali River is boundary river on the major stretch between two countrys . महाकाली नदीको अधिकांश भाग साझा नदी हुने सम्झौता भएको थियो । सम्झौता अगाडि नै महाकाली नदीको अनुगमन गरी मुहान टुङ्गो लगाएर मस्यौदामा त्यो कुरा हालेर मात्र अनुमोदन गर्न हस्ताक्षर गर्नुपर्थ्यो । तर पहिले अनुमोदन र त्यसपछि अनुगमन उल्टो गरेकै कारण महाकाली नदीको अधिकांश भाग सीमा हुने, केही भाग नहुने सम्झौता भयो । त्यसैले हाम्रो माननीय परराष्ट्र मन्त्रीज्यूले यस सन्धिले हाम्रो देशमाथि ठूलो राष्ट्रघाट गरेको कुरा भन्नु भएको छ ।

महाकाली सन्धि काँग्रेस, तत्कालीन एमाले र राप्रपाका ६ जना शीर्ष नेताहरूको अगुवाइमा भएको थियो । जसमध्ये सन्धि गर्ने सशक्त नेता हाम्रो अहिलेको प्रधानमन्त्री के.पी. शर्मा ओलीज्यू नै हुनुहुन्छ । पञ्चेश्वर बहुउद्देश्यीय आयोजनाबाट धेरै बिजुली उत्पादन गरी चीनलाई निर्यात गर्ने र त्यसबाट १ खर्ब २१ अर्बको बिजुली बेचेर "समृद्ध नेपाल र सुखी नेपाली" बनाउने झुटो सपना नेपाली जनतालाई देखाउने व्यक्ति ओलीज्यू नै

हुनुहुन्छ । ओलीज्यू, त्यतिखेर सन्धि अध्ययन कार्यदल संयोजक हुनुहुन्थ्यो । महाकाली सन्धिपश्चात महाकाली नदीबाट १ मेघावाट न बिजुली निकाल्न सकियो, न सिँचाइ गरी २५ वर्ष त्यसै बित्यो । यसरी नेपाली शासकहरूले कोशी सम्झौता, गण्डक सम्झौता, टनकपुर सम्झौता लगायतका सम्झौताहरू, सन् १९५४ देखि ६ पटकसम्म गरे । यी सम्झौताहरू कसकसले गऱ्यो र के-के सम्झौता भयो ? त्यो सार्वजनिक हुनु पर्छ कि पर्दैन ? त्यस्ता राष्ट्रघाती नेताहरूले जनता सामुन्ने माफी माग्नु पर्छ कि पर्दैन ? यसरी प्राकृतिक स्रोत आफ्नो स्वार्थको लागि नेपाली शासकहरूले समयसममा अरु देशलाई बचेको तितो उदाहरण महाकाली सन्धि हो । अरु देशको दयामायाले ती नेताहरूको वर्षौंदेखि शासनसत्तामा हालिमुहाली छन् । देशको नदीनाला बेचेर आफ्नो राजनीतिक जीवन लम्ब्याउने चलखेल यहाँका शासकहरूले गर्दै आएका छन् र मालामाल भएका छन् । सुगौली सन्धिपछि ८ डिसेम्बर १८१६ मा एउटा मेमोरेण्डम भएको थियो । त्यसलाई नेपालले ११ डिसेम्बर १८१६ मा एक्सेप्ट गरेको छ । यी तराईको भूभाग पाएपछि त्यहाँका बासिन्दासँग नेपाल सरकारले कुनै किसिमको भेदभाव गर्ने छैन भनेर हस्ताक्षर गरेको छ । तर त्यो सन्धिको पालना किन अहिलेसम्म भएन ? अहिलेको सरकारले पालनता गर्ने कि नगर्ने ? जान्न चाहन्छु । मानव विकास सुचकाङ्कमा पछि परेका समुदायहरू भने अधिकार सम्पन्न भयो भने झन राष्ट्रियता मजबुत हुन्छ । बाह्य शक्तिसँग डाइलग गर्न पनि नेपालको हरेक समुदायलाई जोड्नु जरुरी छ । मधेशीलाई होच्याएर, धोती मर्सिया भनेर आन्तरिक एकता बलियो हुन सक्दैन । मधेशमा लङ्गौटे लगाएर हलो जोत्ने मधेशीहरूको सम्मान गरौं । जसले आफ्नो पसिना बगाएर खाद्यान्न उब्जाएर हामीलाई सहयोग गरेको छ र रगत बगाएर सीमाको सुरक्षा गरेको छ । तिलाठी, सप्तरीको देवनारायण यादव जस्ता भूमिपुत्रहरू मधेशमै जन्मेका हुन् । एउटा विद्वानले भनेका छन्, Nationalism lies in the heart of the people. If it breaks no army, no government, no constitution can save it. राष्ट्रवादको भावना भित्रबाट हुन्छ । यदि यो नै टुट्यो भने सेना, सरकार र संविधान कसैले यसलाई जोगाउन सक्दैन । हाम्रो देशको नक्सामा चुच्चो पहिला थियो, वि.सं. २०३२ पछि कसरी गायब भयो ? कुन शासकले गायब गरिदियो ? सार्वजनिक हुनु पर्छ कि पर्दैन ? संशोधन प्रस्ताव सदनमा पेश हुनु अघि नै प्रमाण खोजेर ठोस् आधार राखेर संशोधन विधेयक सदनमा पेश गर्नुपर्थ्यो । तर त्यसो नभएर हालमा प्रमाण खोज्न ९ सदस्य टिम बनेको जसमा मधेशी लगायतका समुदायहरूलाई राखिएको छैन । सरकारले यो निर्णय समावेशी नभएकोले संविधानको मर्म विपरीत गरेको छ । चिन्तनमा सकारात्मक परिवर्तन ल्याउनु अति आवश्यक छ ।

अन्त्यमा, म के भन्न चाहन्छु भने हाम्रो पार्टीले र संसदीय दलले संविधान संशोधनको पक्षमा मतदान गर्ने सर्वसम्मतिले निर्णय गरेको छ । यो राष्ट्रियताको सवालमा हामी एकै ठाउँमा छौं । अरु कुरामा फरक मत होला तर प्याट्रोटिजम, नेश्नालिजममा हामी स्ट्रङ्ग छौं । त्यसैले यो प्रस्ताव बहुमतले होइन, सर्वसम्मतिले पास हुनुपर्छ र सर्वसम्मतिले पास हुन्छ । धन्यवाद ।

**सम्माननीय अध्यक्षः**- माननीय नारायणकाजी श्रेष्ठ । समय १५ मिनेट ।

**माननीय श्री नारायकाजी श्रेष्ठ (नेपाल कम्युनिष्ट पार्टी, नेकपा)ः**- सम्माननीय अध्यक्षज्यू, नेपाल सरकारले आफ्नो भूमि लिम्पियाधुरा, लिपुलेक, कालापानी सहितको सम्पूर्ण भूभाग समेटिएको नक्सा प्रकाशित गरिसकेपछि त्यो ऐतिहासिक कार्यसँगसँगै त्यसलाई संविधानमा अनुसूचीमा समेत आवश्यक परिवर्तन र संशोधन गर्नुपर्ने अनिवार्य आवश्यकताको पृष्ठभूमिमा संविधान संशोधनको प्रस्ताव यस अघि नै प्रतिनिधि सभाबाट सम्पूर्ण राजनीतिक पार्टीहरूको सर्वसम्मत निर्णयद्वारा र उपस्थित सबै प्रतिनिधि सभाका सदस्यहरूको समर्थनद्वारा पारित भइसकेको छ । त्यो हाम्रो लागि अत्यन्तै गौरव प्रशन्नता र उत्साहको विषय हो । आज प्रतिनिधि सभाबाट पारित उक्त प्रस्ताव हामी राष्ट्रिय सभामा अहिले दफावार छलफल गरेर पारित गर्ने प्रक्रियामा छौँ । निश्चय पनि यो राष्ट्रिय सभाले उक्त प्रस्तावलाई सर्वसम्मतिद्वारा एक ढिक्का भएर पारित गर्ने छ भन्ने विश्वास लिँदै यो प्रस्तावको म दृढतापूर्वक समर्थन गर्न चाहन्छु ।

सम्माननीय अध्यक्ष महोदय, हाम्रो देश अहिले यो राष्ट्रिय सार्वभौमिकता र भौगोलिक अखण्डता सम्बन्धी विषयमा एक ढिक्का भएको छ । यो अत्यन्तै प्रशन्नताको कुरा हो । यो राष्ट्रिय एकताले हामी सबैलाई उत्साहित बनाएको छ । र जसरी हामीले यो सीमा समस्यालाई समाधान गर्न राष्ट्रिय सार्वभौमिकता र भौगोलिक अखण्डताको मुद्दालाई सकारात्मक ढङ्गले आफ्नो देशको पक्षमा समाधान गर्न एकता प्रदर्शित गरेका छौँ, आजसम्मको बिन्दुमा त्यसले के कुरा प्रष्ट गर्छ भने यो राष्ट्रिय सङ्कल्प पनि हो कि अब हामी नेपालको नक्सा सम्पूर्ण भूभाग समेटेर प्रकाशित गर्ने काममा मात्रै सीमित रहने छैनौँ । नेपालको नयाँ नक्सा अनुसार नेपालको संविधानमा त्यसलाई आवश्यक ढङ्गले सम्बोधन गर्न संविधान संशोधनमा मात्रै सीमित हुने छैन । यो ऐतिहासिक पहल कदमी हो । तर ऐतिहासिक पहल कदमी नेपालको कब्जा गरिएको भूमि अतिक्रमित भूमि हर हालतमा नेपालमा व्यवहारिक रूपमा पनि प्राप्त गरिछाड्ने बिन्दुसम्म पुग्ने राष्ट्रिय सङ्कल्प अभिव्यक्त भएको छ । हाम्रो यो राष्ट्रिय एकतामा, यो राष्ट्रिय सङ्कल्पलाई सुदृढ गरेर व्यवहारिक रूपमा ती भूमि प्राप्त गर्ने बिन्दुसम्म पुग्नको लागि एकताबद्ध भएर अगाडि बढ्न म सबैलाई अपिल गर्न चाहन्छु ।

यही सदनमा मैले केही अगाडि पनि यस विषयमा आफ्नो दृष्टिकोण र धारणा राखेको थिएँ । अहिले पनि म एउटा कुरामा जोड दिन चाहन्छु । निश्चय पनि जुन बेलामा भारतले हाम्रै छिमेकी भारतले नेपालको लिम्पियाधुरा, लिपुलेक र कालापानी लगायतका क्षेत्र कब्जा गर्‍यो, अनिधिकृत रूपबाट । तत्कालै हामीले प्रतिबाद गर्ने, तत्कालै हामीले त्यो भूमि प्राप्त गर्नलाई आवश्यक कदम चाल्ने काम किन गर्न सकेनौँ भन्ने प्रश्न उठ्नु र त्यसले पीडा बोध हुन स्वभाविकै हो । त्यस्तैगरि हामी आफैले प्रकाशित गरेको नक्सामा अहिलेसम्म पनि ती भूमि सामेल गर्न किन सकेनौँ भन्ने बारेमा पनि प्रश्न उठ्न स्वभाविकै हो र त्यसकारणले यसले के पनि देखाउँछ भने निश्चित रूपमा हाम्रा इतिहासमा केही कमी

कमजोरी भए । तर म फेरि जोड दिएर भन्न चाहन्छु, सबै राजनीतिक पार्टीका मित्रहरूलाई, सबै इतिहास विधहरूलाई, सबै बुद्धिजीविहरूलाई, सबै माननीय सांसदहरूलाई कि अहिले यतिखेर हामीले हेर्नुपर्ने मुख्य मुद्दा भनेको यो भूमि भारतले कब्जा गरेको हो, यो भूमि नेपालको हो, यो भूमिलाई हामीले प्राप्त गरिछाड्नु पर्छ । त्यस अनुसार अहिले चालेको कदमहरू ठीक छन् । यो कदमलाई अगाडि बढाएर आफ्नो भूमि प्राप्त गर्ने बिन्दुसम्म जानुपर्छ भन्ने कुरामा हामी एक ढिक्को छौँ कि छैनौँ, अहिलेको मुख्य कुरा त्यो हो । त्यसकारण अहिले हामी यसमा एक ढिक्को छौँ । त्यसकारण म विनम्रतापूर्वक अपिल गर्न चाहन्छु, सबैलाई कि यो मुद्दामा हिजो कहाँ कमी कमजोरी कसको भयो भन्ने बारेमा वा राष्ट्रियताका अरु विषयमा पनि कहाँ कति कमजोरी भयो भन्ने बारेमा सन्दर्भबस चर्चा गर्नु एउटा कुरा हो । तर यसैलाई मुद्दा बनाएर अहिले यो मूल मुद्दाबाट ध्यान विकसित गर्ने काम र हामी आफैलाई आरोप प्रत्यारोप गर्ने कामतिर हामी अहिले लाग्नु हुँदैन । अहिले हाम्रो यही राष्ट्रिय एकतालाई कायम गरेर यो मुद्दामा नेपालको आफ्नो जो अभिष्ट छ, आफ्नो अतिक्रमित भूभाग प्राप्त गरिछाड्ने, त्यो लक्ष्य पूरा गर्नको लागि अभूतपूर्व राष्ट्रिय एकताको प्रदर्शन भएको छ । त्यसलाई अझै सुदृढ गरेर जान जरुरी छ । त्यसको निम्ति म विशेष अनुरोध गर्न चाहन्छु । हो, जसजसले इतिहासको विभिन्न क्षणहरूमा, कालखण्डहरूमा यो सीमा सम्बन्धी मुद्दा वा अरु त्यस्तै प्रकारका राष्ट्रियता सम्बन्धी मुद्दाहरूमा कमी, कमजोरी गरेको छ, उहाँहरूले नै आत्मआलोचना गर्नुभयो भने त्यो स्वागतयोग्य नै हुनेछ । तर यति नै बेला त्यही मुद्दालाई पनि सँगसँगै निर्णयको जस्तो मुद्दा बनाएर आरोप, प्रत्यारोप चाहिँ नलगाऊँ । हामी राष्ट्रिय एकतालाई सुदृढ गर्दै अगाडि बढौँ । म यसमा अपिल गर्न चाहन्छु ।

तेस्रो कुरा मैले आज फेरि जोड दिन चाहन्छु । के हामीले हाम्रो अतिक्रमित भूमि फिर्ता गर्नुपर्छभन्दा हामीले ऐतिहासिक तथ्य र प्रमाणको आधारमा भनेका छौँ । म त्यसको बारेमा लामो व्याख्यामा अहिले जान चाहन्नँ । तर तीन वटा कुरा मात्रै काफी छ । एउटा १८१६ को सुगौली सन्धिले काली नदीदेखि पश्चिमको भूभाग भारतलाई छोड्ने भनेको छ, अरु होइन । काली नदी लिम्पियाधुराबाट बग्ने नदी नै त्यो काली नदी हो । आजको यो महाकाली नदी हो । त्यसकारणले १८१६ को सुगौली सन्धिले महाकाली नदी र त्यसपूर्वका सबै भूभागहरू नेपालको हो भन्ने स्पष्ट गर्दछ । त्यो नै हाम्रो अहिलेको नेपालको भूमि निर्धारित गर्ने सन्धि हो । जसको आधारमा त्यो भूभाग नेपालको हो भन्ने प्रष्ट हुन्छ ।

दोस्रो कुरा, म धेरै अरु व्याख्या गर्न चाहन्नँ । अस्ति मात्रै नोभेम्बर १९१९ मा भारतले जुन नक्सा प्रकाशित गऱ्यो, त्यो नक्सामा काली नदी देखाइएको छ र त्यो काली नदी अहिले उहाँहरूले भन्नु भएको लिपुलेक नेरको सानो खोला होइन । त्यो काली नदी लिम्पियाधुराबाट बग्ने नदीलाई काली नदी भनेर देखाइएको छ र त्यो काली नदी भनेर देखाइसकेपछि उहाँहरूले कब्जा गरेको भूमि त नेपालकै हो भन्ने कुरा पुष्टि हुने उहाँहरू आफैले देखिसकेपछि सात दिनपछि उहाँहरूले नक्सामा काली काट्नुभयो किन ? किन काट्नु भयो ? काली त त्यही हो । नदी त त्यही छ तर नदी देखाएर काली नाम भने डिलिट गर्नुभयो । यसले के प्रष्ट गर्छ भने जतिसुकै यताउता गर्न खोजे पनि सुगौली सन्धिले

निर्धारित गरेको काली नदी र त्यसको पूर्वको भाग नेपालको हो । तपाईँहरूको १९१९ नोबेम्बरको नक्साले पनि त्यही कुरा पुष्टि हुन्छ ।

अर्को कुरा म भन्न चाहन्छु, १८१६ को सुगौली सन्धि पछाडि त्यही सुगौली सन्धिलाई मान्दै केही पूरक सन्धि सम्झौताहरू भएका छन् । जसले नेपालको अहिलेको भूमि सीमाना निर्धारित गरेको छ । तर म सबैलाई, देशका सबै राजनीतिक पार्टी र सबै देशभक्त जनतालाई पनि भन्न चाहन्छु, बोल्दा ठीक ढङ्गले प्रस्तुत हौं । आफैलाई कमजोर पार्ने ढङ्गले प्रस्तुत हुनु हुँदैन । तथ्य त्यो होइन । नेपालको कुनै पनि शासकले, कुनै पनि सरकारले १८१६ को सुगौली सन्धिपछि सुगौली सन्धिले हाम्रो भूभाग भनेर निर्धारित गरेको कुनै भूभाग, कुनै अर्को सन्धि, सम्झौता गरेर भारतलाई हस्तान्तरण गरेको छैन । यो हो तथ्य । यो तीन वटाले एकदम प्रष्ट पार्छ कि त्यो भूभाग हाम्रो हो । अरु त्यहाँका लामो कालसम्मको जनताको नागरिकताको प्रश्न, त्यहाँ चुनावमा भाग लिने प्रश्न, जनगणानामा भाग लिने प्रश्न थुप्रै कुराहरू त छँदैछन् तर तीन मुख्य कुराहरूले पनि स्पष्ट पार्छ । त्यस आधारमा हामीले भनेका छौँ कि त्यो भूभाग हाम्रै हो । हामीलाई प्राप्त हुनै पर्छ र त्यो भूभागमा परेको भारतको सैनिक, प्रहरी, सुरक्षाकर्मीहरू सबै फिर्ता जानुपर्छ र त्यस प्रकारको क्याम्पहरू त्यहाँबाट बन्द गरिनुपर्छ भन्ने हाम्रो दृढ अडान हो । तर हामी भनिराखेका छौँ, त्यति हुँदाहुँदै पनि तपाईँहरूले वार्तामा बसेर त्यो कुरा समाधान गर्न तयार पार्नुपर्छ । हामीले बारम्बार भनिराखेका छौँ, वार्तामा बसौँ । कुटनीतिक सम्वाद नै यो समस्याको पनि समाधानको एक मात्र बाटो हो भनेर हामी भनेकै छौँ । हामी त्यसमा आतुर छौँ र लगातार प्रयत्न गरिराखेका छौँ । अघिल्लो अवस्थामा जब यो बिवादित भूमि हो भनेर भारतले समेत स्वीकार गर्‍यो । त्यसलाई समाधान गर्न परराष्ट्र सचिव स्तरमा एउटा उच्च समिति बनाइयो । त्यो समितिको बैठक गर्न हामी लगातार भन्यौँ, माग गर्‍यौँ, भएन । तर १९१९ को नोभेम्वरको उहाँहरूको नक्सा प्रकाशित गरिसकेपछि हामीले तत्कालै जोड दियौँ, छिटोभन्दा छिटो वार्ता गरौँ भनेर भन्यौँ । तर उहाँले वार्तामा ध्यान दिनु भएन । अहिले पनि हामीले भन्छौँ, कुटनीतिक सम्वाद गरौँ, वार्ता गरौँ, ऐतिहासिक तथ्य र प्रमाणको आधारमा त्यसको फैसला गरौँ भनेर हामीले भनिराखेका छौँ । हामी त्यसको निम्ति तयार छौँ । अहिले भारतका थुप्रै पूर्वराजदूतहरूमा जुन नेपालमा नेपालमै राजदूत भइसकेकाहरू विभिन्न कुटनीतिक व्यक्तित्वहरूले पनि, राजनीतिक पार्टीका नेताहरूले पनि भनिराख्नु भएको छ, भारतले नेपालले वार्ता गरौँ भन्दा नटेर्नु ठूलो गल्ती हो भनेर भनिराख्नु भएको छ । उहाँहरूलाई पनि म धन्यवाद दिन चाहन्छु र भारतको सरकारलाई छिटोभन्दा छिटो वार्तामा बस्न र ऐतिहासिक तथ्य र प्रमाणको आधारमा यस बारेमा एउटा निश्कर्षमा छिटो पुग्न र नेपाल र भारतको सम्बन्धलाई कुनै पनि ढङ्गले नकारात्मक दिशातिर अगाडि नबढ्ने काम गर्न अनुरोध गर्न चाहन्छु । उहाँहरूले नेपालले वार्ता अहिले भाँजो हालेको जस्तो कतिपयले कतिपय कुरा गरिराख्नु भएको छ । म भन्न चाहन्छु, उहाँहरूले आफ्नो संविधान संशोधन गरेर जम्मु, कास्मिर र लद्दाखलाई दिएको विशेषता जम्मु, कास्मिरलाई दिएको स्ट्याटस फेरेर त्यसको आधारमा हामीले नयाँ नक्सा बनाऔँ भनेर भन्ने हामीलाई अझै मिच्ने, हेपहा प्रवृत्ति प्रदर्शन गर्ने तर हामीले आफ्नै पार्लियामेन्टले आफ्नै भूमि चाहिँ जो प्रमाणित छ,

त्यो भूमि चाहिँ हाम्रो नक्सामा राख्दाखेरि उहाँहरूले वार्ता गर्न आपत्ति मान्नु पर्ने, हाम्रो संविधानमा त्यसलाई ठीक ढङ्गले सम्बोधन गर्दा आपत्ति मान्नु पर्ने कुनै कारण छैन । म अहिले भन्न चाहन्छु, तपाईँहरूसँग तथ्य छ, प्रमाण छ भने वार्तामा राख्नुस्, वार्तामा राख्दाखेरि त्यो प्रमाण पुष्टि भयो भने हामी फेरि संशोधन गरौँला । फेरि तपाईँहरूले भनेको कुरा मानौँला । हाम्रो ती स्पष्ट धारणा छ । त्यो भूभाग हाम्रो हो, ऐतिहासिक तथ्य र प्रमाणले पुष्टि गर्छ । हामीले वार्ताले पुष्टि गर्न तयार छौँ । तपाईंहरू पनि आफ्ना सबै तथ्यहरू सहित लिएर आउनुस् र छिटोभन्दा छिटो वार्ता गर्नुस् । यो प्रक्रियाबाट अगाडि बढ्दाखेरि नै हामी पारस्परिक, सार्वभौमसत्ताको सिद्धान्तको आधारमा दुई पक्षीय लाभ र साझा हितको सवालमा र दुई वटा देशको वास्तविक कन्सर्न र सरोकारहरूलाई राष्ट्रिय हित र सार्वभौकिता विरोधी नजाने गरी सम्बोधन गर्न तयारी गरी हाम्रो सम्बन्धलाई अगाडि बढाऊँ । यसले निश्चय पनि हामीलाई अगाडि बढाउने छ ।

अन्त्यमा सम्माननीय अध्यक्ष महोदय, म एउटा कुरा भनेर बिदा हुन चाहन्छु । त्यो के हो भने हामी आफै पनि सम्पूर्ण नेपालका पार्टीहरू, देशभक्तहरू, नेपालका बुद्धिजीविहरू सबैले पनि गम्भीर रूपमा इमान्दार हौँ कि आजै इतिहासको समिक्षाको कुरा इतिहासलाई छोड्देऊँ, गरौँला, गर्नुपर्छ । तर आज राष्ट्रियताको सवालमा देखा परेको मुद्दाहरूमा भने हामीले डबल स्ट्याण्ड गर्नु हुँदैन । एउटा विषयमा बस्तुनिष्ठ ढङ्गले देशभक्तिपूर्ण अडान राख्ने र अरु कुनै विषयमा भने विचलित हुने काम गर्नु हुँदैन । हामीले देखाऊँ कि सबै मामलामा देशभक्ति अडान राख्छौँ र यसले हामीप्रतिको विश्वास झन् बढाउँछ । राजनीतिक पार्टीहरूको बीचमा आपसी विश्वास, जनता र सरकारको बीचमा आपसी विश्वास बढाउँछ र यो ऐतिहासिक पहल कदमीलाई हामी ती भूभागमा नेपालको झण्डा राख्ने र त्यति मात्रै होइन, नेपालको राष्ट्रिय सार्वभौमिकता र स्वाधीनताको सवाललाई हामी कसरी नेपाललाई ठीक ढङ्गले पार लगाउन सक्छौँ भन्ने कुरा विश्वसामु देखाउनु छ । फेरि एक पटक यसको निम्ति सबैलाई अपिल गर्दै बिदा हुन्छु । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्षः</u>**- माननीय खिमलाल भट्टराई । समय १० मिनेट ।

**<u>माननीय श्री खिमलाल भट्टराई (नेपाल कम्युनिष्ट पार्टी, नेकपा)</u>**:- सम्माननीय अध्यक्ष महोदय, लिम्पियाधुरा, लिपुलेक र कालापानी नेपालको अतिक्रमित भूमिलाई समेटेर देशको राजनीतिक नक्सालाई अध्यावधिक गरिएको छ । यही नक्सालाई देशको निशाना छापमा अङ्कित गर्न नेपाल सरकारले संविधानको दोस्रो संशोधनको लागि प्रस्ताव संसदमा पेश गरेको छ । प्रतिनिधि सभाबाट पास भइसकेको तर आज हामीहरू छलफलमा केन्द्रित भएका छौँ । सरकारले लिएको यो निर्णय ऐतिहासिक छ, युगीन छ । म यो निर्णयको स्वागत गर्दछु र समर्थन प्रकट गर्दछु । इतिहासमा कहिलेकाही एउटा व्यक्तिले लिने निर्णय साहस र अडानले सिङ्गो देशको शीर उच्च हुन्छ । जनताको छाती गर्वले फुल्छ र मुलुक अगाडि

बढ्छ र समयले गर्विलो इतिहास निर्माण गरिरहेको हुन्छ । यतिबेला नेपालमा त्यस्तै भएको छ । म सम्माननीय प्रधानमन्त्री के.पी. शर्मा ओलीको साहस निर्णय क्षमता र अडानको उच्च सम्मान गर्दछु । नेपाल सरकारप्रति उच्च प्रशंसा प्रकट गर्दछु ।

अध्यक्ष महोदय, नेपाल कम्युनिष्ट पार्टी, नेकपा लगायतका राजनीतिक दलहरू, जसले इतिहासमा राष्ट्रिय मुद्दामा उच्च राजनीति संस्कृतिको निर्माण गरेका छन् र राष्ट्रियताको मुद्दामा आफूहरूलाई एक ठाउँमा उभ्याएका छन् । यस किसिमको असाधारण क्षमता प्रकट गर्नु भएकोमा म सबै राजनीतिक दलका नेताहरूलाई धन्यवाद भन्न चाहन्छु र निर्माण भएको यो राष्ट्रिय शक्तिलाई कायम राख्न र निर्णायक बिन्दुसम्म पुग्न सफल हुनुहोस् भनेर पनि शुभकामना व्यक्त गर्न चाहन्छु ।

अध्यक्ष महोदय, नेपाल कहिल्यै कसैको उपनिवेस भएन । तर नेपाल र नेपालको स्वाधीनता कहिल्यै समस्यामुक्त पनि भएन । इतिहासको तितो यथार्थ यही नै हो । अध्यक्ष महोदय, ब्रिटिस-भारतले नेपालको भूमिलाई आफ्नो कब्जामा लिन खोजेकै हो । हाम्रा पूर्खाहरूले खुकुरी र ढुङ्गामुढाको बलमा लडेर भूमिको रक्षा गरेका हुन् । सन् १९४७ मा स्वतन्त्र भएको भारतीय शासक वर्गले पनि नेपालको स्वाधीनता र सार्वभौमिकताको मर्मलाई कुल्चिएका तमाम् उदाहरणहरू छन् । म अहिले त्यसको समिक्षा गर्नेतर्फ लाग्दिनँ । अध्यक्ष महोदय, निश्चित रूपमा नेपाल-भारत सम्बन्ध ऐतिहासिक छ, बहुआयामिक छ । जनतामा आधारित परिवारबीचको सम्बन्ध छ, नेपाल-भारतको । तिर्थब्रतहरूको सम्बन्ध छ, सीता र रामको सम्बन्ध छ, पशुपतिनाथ, मुक्तिनाथ र विश्वनाथको सम्बन्ध छ, गौतम बुद्धको सम्बन्ध छ, लुम्बिनी, कपिलवस्तु, गया र कुशीनगरको सम्बन्ध छ । चाडबाडहरूको सम्बन्ध छ । समग्रतामा धार्मिक, साँस्कृतिक र रोटीबेटीको सम्बन्ध छ । राजनीतिक रूपमा भन्ने हो भने यो अझै गहिरो छ । भारतीय स्वतन्त्रता संग्राममा नेपाली जनता र नेताहरूले खेलेको भूमिका र योगदान अझै स्मरणीय छ । पुष्पलाल, मनमोहन अधिकारी, विश्वेश्वर प्रसाद कोइराला, कृष्ण प्रसाद भट्टराई लगायतका नेताहरूले भारतीय स्वतन्त्रता आन्दोलनमा पुलिसका हिरासतहरू व्यहोर्नु भएको छ र जेल जीवन व्यहोर्नु भएको इतिहास हाम्रो सामुन्ने अहिले पनि ताजै छ । यसरी नै नेपालको परिवर्तनका सन्दर्भमा पनि भारतीय नेताहरू, भारतीय जनताको समर्थन र सहयोग रहँदै आएको छ । यो पनि स्मरणीय छ । आर्थिक सम्बन्ध थप फराकिलो छ । यी सबै सम्बन्धहरूलाई जोगाउनु र अझै उन्नतस्तरमा विकसित गर्दै जानु भारत र नेपाल दुवैतर्फको कर्तव्य हो भन्ने म ठान्दछु । आजको भारतीय संस्थापनले मैले एउटा कुरा लुकाउनु पर्दैन । आजको भारतीय संस्थापनले हिजोका बल्लभ भाइ पटेलको मानसिकताबाट त्यसमा आधारित भएर दुई देशबीचको सम्बन्ध सुमुधुर बन्छ भन्ने ठान्छ भने त्यो बन्न सक्दैन । उसले त्यो मानसिकतामा परिवर्तन ल्याउनु पर्दछ भन्ने म ठान्दछु । भारतले बढे भाइको दम्भ त्याग्नु पर्दछ । यो त्याग्नै पर्दछ । नेपाल र भारतको सम्बन्धलाई समुधुर बनाउने सन्दर्भमा । २१ औं शताब्दीको उन्नत चेतनामा आधारित भएर मित्रवत सम्बन्धको सुरुवात गर्ने आँट र क्षमता भारतीय प्रधानमन्त्री, भारतीय संस्थापनको यति बेलाको नेता नरेन्द्र मोदीजीले देखाउनै पर्दछ ।

अध्यक्ष महोदय, नेपाल र भारतबीचको सीमाना निश्चित गर्ने सन्धि एक मात्र सन्धि हो, त्यो सुगौली सन्धि हो । त्यसले मात्रै नेपाल र भारतको सीमालाई अध्यावधिक गरेको छ वा सीमालाई निश्चित गरेको छ । जस अनुसार पूर्वमा मेची नदी हाम्रो सीमा नदी हो र पश्चिममा काली नदी भनेर चिनिने त्यो महाकाली नदी नै हो । ती सीमा नदीहरूको बीचको भूभाग नै नेपाल हो । समग्रतामा नेपाल हो र अघि प्रसङ्गवस आएको यो महाकाली सन्धिको बेलामा जुन एउटा प्रसङ्ग छ, यो अधिकांश स्थानमा भनेर त्यतिबेला किन भन्नु पर्‍यो ? त्यसको यर्थाथतालाई पनि हामी सबै नेपालीले बुझ्नुपर्छ । महाकाली नदी सम्पूर्ण सीमा नदी हो भन्न सकिने स्थिति नेपालको छैन । किनभने स्वयम् महाकाली पारिपट्टि पनि हाम्रा साबिक दोधारा र चाँदनी गा.वि.स. हरू छन् । ती नेपालका होइनन् भनेर के हामी भन्न सक्छौँ ? त्यो कुरा भन्न सक्दैनौँ भने महाकाली सन्धिमा अधिकांश भूभाग यो चाहिँ सीमा नदी हो भनेर भनिएको कुरालाई गलत ढङ्गले हामीले बुझ्नुपर्छ भन्ने म ठान्दिनँ । त्यो सही ढङ्गले नै प्रयोग भएको छ । मुहानको सन्दर्भमा सम्रगतामा महाकाली नदी सीमा नदी हो । तर त्यसभन्दा पश्चिमपट्टि भारतले पनि मानेको, हामीले पनि मानेको, हाम्रै देशकै सीमाभित्र रहेको हाम्रो देशको भूगोलमा समावेश भएको ठाउँहरू छन् । ती ठाउँहरूलाई इङ्गित गर्न खोजिएको हो भन्ने कुरा हामीले बुझ्न जरुरी छ ।

अध्यक्ष महोदय, सुगौली सन्धि, पूरक सन्धिहरू र त्यसपछि ब्रिटिस-भारतले जारी गरेका नक्साहरू, लिम्पियाधुरा क्षेत्रका बासिन्दाहरूले त्यतिबेलादेखि नेपाल सरकारलाई तिरो तिर्दै आएका प्रमाणहरू वि.सं. २०१८ सालको जनगणनामा सामेल भएको प्रमाण, २०१५ सालको चुनावमा सहभागी भएको मतदाता नामावली, यी तमाम प्रमाणहरू हुन् । जसले कालीपूर्व लिम्पियाधुरासम्मको भूगोल नेपालको हो भनेर स्पष्ट गर्दछ । अध्यक्ष महोदय, हामीले भने पनि नभने पनि यतिबेला नेपाल-भारत सम्बन्धमा दरार पैदा भएकै छ । यो नेपालको कारणले होइन । यो भारतीय पक्षको कारणले नेपाल-भारत सम्बन्धमा दरार पैदा भएको छ । यो स्पष्ट कुरा हो र आफैले बिवादित भूमि मानेको किन यस्तो भयो भनेर पनि हामी स्पष्ट हुनुपर्छ । हाम्रो कारणले होइन, नेपालको कारणले होइन, भारत स्वयम्ले बिवादित भूमि मानेको लिम्पियाधुरा, लिपुलेक, कालापानी क्षेत्रमा भारतबाट एकलौटी रूपमा सडक बनाउने र उद्घाटन गर्ने काम गरियो । यस बीचमा कोरोना महामारीसँग संसार लडिरहेको छ, नेपाल पनि लडिरहेको छ । तर यही बीचमा हामी एउटा महामारीसँग जुधिरहेको बेलामा हाम्रो भूगोल मिच्ने काम भारतले गर्‍यो । भारतले भूमि मिचेर, सडक बनाएर उद्घाटन मात्रै गरेन । भारतका भारतीय सेना प्रमुखले नेपालको अपमान गरे । उनले कसैको उक्साहटमा नेपालले त्यो भारतीय कर्मको विरोध गरेको छ भन्ने काम गरे । यसलाई निश्चित रूपमा नेपालले सहेर बस्न सक्दैन र नेपालले सहन सक्दैन । नेपालले वार्ताबाट सीमा समस्या समाधान गरौँ भनेर पटक-पटक कुटनीतिक नोट पठाउँदाखेरि पहल र आग्रह गरिरहँदा भारतबाट बेवास्ता गरियो । भारतीय पक्षले आफू हेपाहा र मिचाहा प्रवृत्ति देखाउँदै नेपाल-भारत समस्या सम्बन्धमा थप समस्या उत्पन्न भारतीय पक्षबाट भयो । यो नेपालको कारणले होइन, भारतको कारणले भएको हो । तथ्य यही नै हो । यो भारतीय संस्थापनको कुटनीतिक असफलता हो भन्ने म ठान्छु । भारतीय संस्थापनले आफू

सच्याउनुको बिकल्प छैन । अध्यक्ष महोदय, भारतले कुटनीतिक पहल र वार्ताको आग्रहलाई स्वीकार गर्नु पर्दछ । भारत स्वमंले पनि पहल गर्नु पर्दछ । तमाम ऐतिहासिक प्रमाणहरूले नेपालको हो भनेर प्रमाणित लिम्पियाधुरा, लिपुलेक र कालापानी क्षेत्रमा आफ्नो दाबीलाई छोड्नै पर्दछ । अध्यक्ष महोदय, कालापानीबाट आफ्नो सेनाको क्याम्प फिर्ता गर्नु पर्दछ । यसको अलावा सुस्ता लगायतको सम्पूर्ण भूभागको सीमा समस्या समाधान गर्न तत्पर हुनु पर्दछ । सन् १९५० लगायतको सबै असमान सन्धि सम्झौताहरू पुनरावलोकन गर्न तयार हुनु पर्दछ । यसरी मात्रै नेपाल-भारतबीचमा रहेका सबै समस्याहरू समाधान गरेर उन्नत स्तरको मित्रवत सम्बन्ध नेपाल-भारतबीचमा कायम हुन सक्दछ । यसमा ढिलाइ गर्नु हुँदैन । म अध्यक्ष महोदय, नेपाल सरकारलाई यतिबेला एकतामा आधारित राष्ट्रिय शक्ति प्राप्त छ । यही शक्तिमा आधारित भएर नेपाल सरकार सीमाको यो समस्या समाधान गर्न सशक्त अगाडि बढोस् । राजनीतिक, कुटनीतिक पहल कदमी अगाडि बढाओस् । सरकारलाई सम्पूर्ण नेपाली जनताको साथ छ । राष्ट्रिय स्वाधीनताको यो अभियानमा नेपाल सफल हुनेछ । नेपाल-भारत सम्बन्ध एकाईसौं शताब्दीको उच्च चेतनामा आधारित सुमुधुर सम्बन्ध कायम भएर नेपाल-भारत सम्बन्ध अगाडि बढ्नेछ । धन्यवाद ।

**सम्माननीय अध्यक्षः**- माननीय सदस्यहरू, प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त नेपालको संविधान (दोस्रो संशोधन) विधेयक, २०७७ माथिको दफावार छलफल सदनमा गरियोस् भन्ने प्रस्तावमाथिको छलफलमा माननीय सदस्यहरूले बोल्ने क्रम यहीँ समाप्त हुन्छ ।

माननीय सदस्यहरू, अब म माननीय कानून, न्याय तथा संसदीय मामिला मन्त्री डा. शिवमाया तुम्बाहाङफेलाई छलफलमा उठेका प्रश्नहरूको जवाफ दिन समय उपलब्ध गराउँछु ।

**माननीय कानून, न्याय तथा संसदीय मामिला मन्त्री डा. शिवमाया तुम्बाहाङफेः**- सम्माननीय अध्यक्ष महोदय, नेपालको संविधान (दोस्रो संशोधन), २०७७ को विधेयकमाथि यस सभामा दफावार छलफलमा भाग लिई आफ्नो अमूल्य भनाइ राखिदिनु भई नेपालको सीमाना र राष्ट्रियताको सवालमा हामी एक छौं भन्ने कुरा आम नेपाली जनता, विश्वलाई सन्देश दिन सफल हुनु भएकोमा माननीय सदस्यहरूलाई म हार्दिक बधाई ज्ञापन गर्न चाहन्छु । आफ्नो अमूल्य भनाइ राख्नु हुने सम्पूर्ण माननीय सदस्यहरूलाई सर्वप्रथम म सम्माननीय अध्यक्ष महोदय मार्फत् धन्यवाद दिन चाहन्छु ।

सम्माननीय अध्यक्ष महोदय, संविधान सभाबाट पारित भई जारी भएको नेपालको संविधानलाई संविधानको धारा २७४ बमोजिम संशोधन गर्न सक्ने संवैधानिक प्रावधान भए अनुरूप नेपाल सरकारले नेपालको संविधान (दोस्रो संशोधन) विधेक, २०७७ यस सदन समक्ष पेस गरेको हो भन्ने कुरा सबै माननीय सदस्यज्यूहरूलाई उल्लेख गर्न चाहन्छु । यस

संशोधित विधेयकले नेपालको स्वतन्त्रता, सार्वभौमिकता, नेपालको भौगोलिक अखण्डता, राष्ट्रिय एकता, स्वाधीनता, स्वाभिमानलाई अक्षुण्ण राखी करिब ३ करोड नेपाली जनताको सार्वभौम अधिकार स्वायत्तता र स्वशासनको अधिकारलाई अझ उचाइमा पुऱ्याएको छ भन्ने कुरा यस ऐतिहासिक क्षणमा यस सम्मानित सदन समक्ष सहृदय व्यक्त गर्न चाहन्छु ।

सम्माननीय अध्यक्ष महोदय, यो संविधानको विषय समग्रतामा नेपालको संविधानको धारा ५१ को खण्ड (ड) मा व्यवस्था भए अनुरूप संयुक्त राष्ट्र संघको बडापत्र, असंलग्नता, पञ्चशीलको सिद्धान्त, अन्तर्राष्ट्रिय कानून र विश्वशान्तिको मान्यताको मर्म र भावनालाई साकार पार्न सफल भएको छ । यो संविधानको संशोधनको पक्षमा व्यक्त भएका भनाइले यो सार्वभौम सदन, नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, स्वाधीनता र राष्ट्रिय हितको  रक्षा गर्न सक्षम र क्रियाशील छ भन्ने कुरालाई समेत उजागर गरेको छ भन्ने कुरा म यस गरिमामय सदन समक्ष व्यक्त गर्न चाहन्छु ।

सम्माननीय अध्यक्ष महोदय, नेपाल सरकारले पेश गरेको यस संशोधन विधेयकउपर माननीय सदस्यहरूले आ-आफ्नो भनाइ राख्ने सन्दर्भमा नेपाल सरकारप्रति दर्शाएका अपार सद्भावको लागि म हृदयदेखि नै सह्राहना गर्न चाहन्छु । राष्ट्रिय हित, लोकतन्त्र र समग्र अग्रगामी परिवर्तनका लागि नेपाली जनताले पटक-पटक गर्दै आएका ऐतिहासिक आन्दोलनलाई संविधानको माध्यमद्वारा साकार पार्नु पर्ने महत्वपूर्ण जिम्मेवारी नेपाल सरकारमा रहेको छ । नेपाल सरकारले हालै नेपालको अध्यावधिक राजनीतिक तथा प्रशासनिक नक्सा स्वीकृत गरी नेपालको वास्तविक सीमा अनुरूपको नक्सा प्रकारशन गरेको हुनाले नेपालको संविधानको धारा ९ को उपधारा (२) सँग सम्बन्धित अनुसूची-३ को निशान छापभित्र अङ्कित नेपालको नक्सालाई वास्तविक सीमा अनुरूप मिलाउने प्रयोजनको लागि नेपालको संविधानको दोस्रो संशोधन, २०७७ यस सदन समक्ष पेश गरेको कुरालाई यस सदनमा स्मरण गराउन चाहन्छु । माननीय सदस्यहरूले छलफलको क्रममा नेपालको संविधानसँग जोडी व्यक्त गर्नु भएका केही विषयहरू छन् । यहाँहरूले देशभित्र रहेका केही कुराहरू उठान गर्नु भएको छ । यहाँहरूलाई म के स्मरण गराउन चाहन्छु भने संविधानसँग जोडिएका अर्थात् नेपालको संविधानको धारा ९ को उपधारा (२) को अनुसूची-३ को त्यसभित्रको पनि निशान छापभित्रको पनि नेपालको नक्सालाई मात्रै हामीले चलाएर नेपालको संविधानको संशोधन प्रस्ताव यहाँ प्रस्तुत गरेका छौँ भन्ने खालको कुरा यहाँहरूलाई म जानकारी गराउन चाहन्छु । हाम्रो संविधानको अनुसूची-३ भित्रको हामीले नेपालको नक्साभित्र पनि हामीले बहसमा ल्याइरहेको कुरा र भर्खरै प्रतिनिधि सभाले पास गरिसेकको कुरा, लिम्पियाधुरा, लिपुलेक, कालापानी समेटिएको जसलाई हाम्रो भूभाग हाम्रो नक्सामा समेट्नु पर्थ्यो । तर हामीले समेट्नको निम्ति केही समय लागेको भन्ने अभिव्यक्ति यहाँहरूले दिनुभएको छ । यही सन्दर्भमा हामी अगाडि बढिरेहको अवस्थामा हामीले अहिलेको सन्दर्भमा अहिलेको संशोधनको प्रस्ताव भनेको खालि त्यो नेपालको नक्साको अहिले मैले भर्खरै भनेको स्थानहरूलाई समेटेर तयार गरिएको नक्सा जसलाई नेपालको निशान छापभित्र यसलाई मात्रै हामीले चलाएका छौँ । मैले अस्ति पनि भनेको थिएँ, यो हाम्रो संविधान संशोधनको प्रस्तावमा निशान छापभित्रका अरु कुनै पनि कुराहरू चलाइएको

छैन । त्यहाँभित्र हामीले देखेका छौं, सबैलाई थाहा भएकै कुरा हो । त्यहाँ लालिगुराँस, हिमाल, पहाड, तराई नेपालको नक्सा जसलाई अहिले हामीले एकदम प्राथमिकतामा राखेर हाम्रो विषयवस्तु अहिलेको संशोधनको विषयवस्तु भनेको खालि लिम्पियाधुरा, लिपुलेक र कालापानी त्यो क्षेत्रलाई समेट्ने गरी बनाएको नक्सा हो, हाम्रो अहिलेको प्रस्तावित कुरा । त्यहाँभित्र धेरै कुराहरू छन् । अहिले आफ्नो कुराहरू राख्ने सन्दर्भमा माननीय सदस्यहरूले मधेशको कुरा उठाउनु भएको छ । हामी सँधै हामी नेपाली भन्ने बित्तिकै पहाड, हिमाल, तराईमा बसोबास गर्ने सबै नेपाली हामी एक ठाउँ छौं भन्ने कुरा हो । मधेशमा पनि पहाडमा जन्मिएका, पहाडमा हुर्किएका पहाडदेखि झरेर बस्ने सीमा क्षेत्रमा बस्ने पहाडी मूलका जनताहरू पनि बसोबास गर्छन् भन्ने कुरा हामीले देखेकै छ । हामी पनि मधेशमा मधेशको सीमा क्षेत्रमा बसोबास गर्ने नेपाली हौं । त्यसैले हामीले भन्ने सन्दर्भमा यहाँहरूले आफ्नो अभिव्यक्ति दिने सन्दर्भमा हामी नेपाली जो जहाँ बसोबास गर्ने भए पनि हिमालमा, पहाडमा मधेशमा जो जहाँ बस्ने भए पनि हामी नेपाली हौं भन्ने खालको जुन कुराहरू यहाँहरूले अगाडि सार्नु भएको छ, त्यो एकदमै हामीले सम्मान गर्नु पर्ने अभिव्यक्ति हो । त्यसैले यहाँहरूले खालि अहिलेको सन्दर्भमा धेरै कुराहरू उठान गरे तापनि हामीले हाम्रो प्रस्तावित संशोधनमा त्यहाँ मात्रै केन्द्रित भएको कारणले गर्दाखेरि हामीले अहिले यहाँहरूले उठाउनु भएको अर्थात् माननीय सदस्यहरूले छलफलको क्रममा अरू कुराहरू उठाए तापनि त्यो संविधानसँग जोडिएको जुन अभिव्यक्तिहरू छन्, त्यसलाई हामी आगामी दिनमा स्पष्ट पार्दै त्यो विषयमा जोडिदै जानेछौं । तर अहिलेको सन्दर्भमा हामीले यो प्रस्तावित विषयसँग मात्रै जोडिएको कारणले गर्दा त्यसमा हामी अगाडि बढ्ने छौं र हामीले यहाँहरूले उठान गर्नु भएको विषयमा आगामी दिनमा हामी फेरि त्यसमा जोडिदै जानेछौं भन्ने कुरा पनि यहाँहरूलाई म जानकारी गराउन चाहन्छु ।

सम्माननीय अध्यक्ष महोदय, माननीय सदस्यहरूले संविधान संशोधनको प्रस्तुत विधेयकमा सर्वसम्मत रूपमा पारित गर्ने गरी विधेयक पारित गर्ने महत्वपूर्ण प्रक्रियामा सहयोग गरेर नेपालको एकता र राष्ट्रियताको विषयमा ऐतिहासिक तथा महत्वपूर्ण योगदान गर्नु हुनेछ भन्ने मैले विश्वास लिएको छु । हामी तथ्य र प्रमाणको आधारमा कुरा गर्छौं भन्ने कुरा हामीलाई थाहा छ । यहाँहरूले हाम्रो त्यो लिम्पियाधुरा, लिपुलेक र कालापानी हाम्रो हो भनेर केही तथ्य र प्रमाणको कुराहरू गर्दै हुनुहुन्छ । हामीसँग यस्ता तथ्य, प्रमाणहरू धेरै छन् । जसको कारणले गर्दाखेरि हामीसँग तथ्य र प्रमाण भएको कारणले गर्दाखेरि त्यो भूभाग हाम्रो हो भनेर माननीय सदस्यहरूले आफ्नो कुरा राख्ने सन्दर्भमा कुरा गर्नु भएको छ । त्यही भएको कारणले गर्दाखेरि हामी तथ्य र प्रमाणको आधारमा कुरा गर्छौं । तथ्य र प्रमाण सहित कुटनीतिक वार्ताको टेबुलमा बसेर हामी आफ्नो कुरा प्रस्तुत गर्छौं । यहाँहरूले धेरै एकदम महत्वपूर्ण कुराहरू उठाउनु भएको छ । तपाईंले चिन्ता व्यक्त गर्नु भएको छ । कतै हाम्रो कुराहरू अर्थात् हामीले वार्ताको टेबुलमा बसिरहँदाखेरि कतै हाम्रा प्रमाणहरू छुट्छन् कि, कतै हामीले कुटनीतिक वार्ता नगरिकन अन्य माध्यम अपनाएर अगाडि बढ्छौं कि भन्ने खालको चिन्ता लाग्नु स्वभाविक हो । स्वाभिमानी नेपालीले आफ्नो नेपालको, आफ्नो देशको, आफ्नो राष्ट्रियताको बारेमा यो कुराहरू उठाउनु स्वभाविकै हो,

चिन्ता व्यक्त गर्नु स्वभाविकै हो । प्रत्येक नेपाली नागरिकले मेरो देश, मेरो राष्ट्रियताको बारेमा म यो गर्नुपर्छ भन्ने अनुभूति हुनु स्वभाविकै हो । त्यसैले तपाईंले एकदम महत्वपूर्ण कुराहरू उठाउनु भएको छ । त्यसैले म यहाँहरूलाई म के विनम्र अनुरोध गर्न चाहन्छु भने नेपाल सरकारले वार्ता गर्दा तथ्य र प्रमाणलाई कुनै पनि तथ्य र प्रमाणलाई नछोडिकन वार्तामा बस्दा कुट्नीतिक वार्तामा बस्छ भन्ने कुरा यहाँहरूलाई म अनुरोध गर्न चाहन्छु ।

यहाँहरूले धेरै कुराहरू उठाउनु भएको छ । ती कुराहरूमा एउटा एकदम महत्वपूर्ण कुरा भनेको राष्ट्रियताको सवालमा देशमा भएका अर्थात् नेपालमा रहेका सत्तापक्ष, प्रमुख प्रतिपक्ष र अन्य प्रतिपक्ष दलहरू एक ठाउँमा उभिएका छौं भनेर सबै दलका जो-जो नेताज्यूहरूले, माननीय सदस्यज्यूहरूले बोल्नु भएको छ, उहाँहरूले आफ्नो अभिव्यक्तिको क्रममा यो कुरा बताउनु भएको छ । त्यसैले हामी खुशी छौं । किन खुशी छौं, हामी राजनीतिक दल एक ठाउँमा हुँदाखेरि राष्ट्रियताको सवालमा हामी एक ठाउँमा हुँदाखेरि हामीलाई कसैले पनि अप्ठ्यारोमा पार्न सक्छन् भन्ने कुरा कुनै पनि नेपालीहरूको छिमेकी मुलुकले त्यो नसम्झिँदा हुन्छ, नसोच्दा हुन्छ भन्ने खालको तपाईंहरूको अभिव्यक्तिले यो पुष्टि गरेको छ । त्यसैले यो राष्ट्रियताका सवालमा सबै दलहरू हामी एक ठाउँमा उभिन्छौं । यो नक्साको सन्दर्भमा हामी एक ठाउँमा उभिन्छौं भन्ने यहाँहरूले प्रतिबद्धता जाहेर गर्नु भएको छ । सम्भवतः यो प्रतिबद्धता तपाईं हामीले मात्रै सुनेका छैनौं, आम नेपाली जनताले सुनिरहेको अवस्था छ । सबै नेपाली र तपाईंहरूको अभिव्यक्ति एकदम खुशी व्यक्त गरिरहेको अवस्था हुन सक्छ । हामी त खुशी छँदै छौं । सरकार पनि सबै दलहरूप्रति खुशी भएको छ । यही क्रममा यहाँहरूले अभिव्यक्ति दिने सन्दर्भमा खुशी हुँदै आजको दिन अर्थात् जुन दिन हामीले यो आज राष्ट्रिय सभाबाट पारित गर्दै छौं, पास गर्दै छौं । प्रतिनिधि सभाले अस्ति पास गरिसक्यो । अब यो प्रक्रियालाई पूरा गरेर सम्माननीय राष्ट्रपतिज्यूले प्रमाणीकरण गरिसकेपछि राजपत्रमा प्रकाशन भइसकेपछि यो सीमा नक्सा जुन नेपालको यो नयाँ नक्सा हामीले पारित गरेरै हाम्रो निशान छापभित्र अङ्कित गर्छौं । यो अङ्कित गरेको दिन यहाँहरूले भन्नु भएको हामीले आजको दिन सम्पूर्ण नेपाली जनताले दीप प्रज्वलन गरेर खुशियाली मनाउनु पर्छ भन्ने खालको यहाँहरूले अभिव्यक्ति दिनु भएको छ । त्यसैले म यहाँबाट सम्पूर्ण नेपाली जनतालाई म के आह्वान गर्न चाहन्छु भने हाम्रा माननीय सदस्यहरूले राष्ट्रिय सभा, प्रतिनिधि सभाका माननीय सदस्यहरूको जुन उहाँहरूको अभिव्यक्ति छ, उहाँहरूको खुशी छ, उहाँहरूको जुन नेपालप्रति देखाएको जुन राम्रो कुराहरू छ, सफल कुराहरू छ, जसले नेपाली जनतालाई उत्साहित गरिरहेको छ, यस्ता कुरालाई मध्येनजर राख्दै आम नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूले आजको दिन हामी खुशियाली मनाउँदै, हाम्रो भूभाग हामीले लिएका छौं, लिन्छौं । हाम्रो नक्साभित्र समावेश गरिकन संविधानको अनुसूचीमै हामीले परिमार्जन गरेर त्यहाँ राख्न सफल भयौं भन्ने सन्देश दिँदै आम नेपाली जनताहरूलाई दीप प्रज्वलनमा सहभागी हुनको निम्ति हार्दिक अनुरोध पनि गर्दछु ।

सम्माननीय अध्यक्ष महोदय, आज संविधान संशोधनको दिन नेपालीको लागि सुखद् क्षण हो । हामी नेपाली मात्रै सुखद् क्षणमा यो अवस्था पुगेका छैनौं । अन्य मुलुकहरूले पनि नेपाली जनताहरू, नेपालका राजनीतिक दलहरू, राष्ट्रियताका सवालमा एक ठाउँ भएको

अवस्था भएको कारणले गर्दा हामी त खुशी हुने नै भयौँ, हाम्रा अन्य मुलुकहरूले पनि यस कुरालाई हेरिरहेको अवस्था छ । राष्ट्रियताका सवालमा हामीले संघीय संसदमा प्रतिनिधित्व गर्ने सबै दलको सन्दर्भमा हामीले जसरी एक रूपता, एक ठाउँमा आवाज एउटै बनाउँदै हामी अगाडि बढिरहेका छौँ, यसले पनि के देखाएको छ भन्दाखेरि हाम्रो यो संसदमा पनि अर्थात् संघीय संसदमा हामी एक ठाउँमा उभिएका छौँ, एकताको प्रदर्शन गरिरहेका छौँ । त्यसैले यो इतिहासमा यो आजको दिन खुशीको दिन हामीले दर्ज गरिरहेका छौँ भन्ने खालको कुरा पनि यहाँहरूलाई अनुभूति भइरहेको छ । सार्वभौम संसदले नै हाम्रो निशान छापमा लिम्पियाधुरा, कालापानी र लिपुलेक समेटेको नक्सा संशोधित निशान छापमा समेट्दैछ भन्ने खालको अभिव्यक्ति यहाँहरूको छ । जरुर हामीले हाम्रो लिम्पियाधुरा, कालापानी, लिपुलेकलाई नयाँ नक्सामा अर्थात् त्यो छुटेको भूभागलाई हाम्रो नक्सामा समेटेर हामी अगाडि बढिरहेका छौँ भन्ने खालको कुराहरू यहाँहरूले अभिव्यक्त गर्नु भएको छ । त्यस्तै आजको दिन नेपालको इतिहासमा गौरवपूर्ण दिन हो, यहाँहरूले भनिराख्नु भएको छ । स्वभावैले आजको दिन धेरै लामो समयसम्म यो भूभागलाई हामीले हाम्रो नक्सामा पार्न नसकिरहेको अवस्था र आज हामी आधिकारिक रूपले संविधानले चिन्ने गरी संविधानभित्रै संविधानको अनुसूचीको निशान छापभित्र अङ्कित गर्ने ठाउँमा हामीले हाम्रो भूभागलाई समेटेको नक्सालाई हामीले राखिरहेको दिन, जसलाई हामी गौरवपूर्ण दिनको रूपमा हामीले लिइरहेका छौँ । यति मात्रै होइन, हामीले हाम्रो इतिहासमा हाम्रो नेपालमा यो कुरा गरिरहेका छौँ भने हाम्रो संसदीय अभ्यासमा पनि अर्को गौरवपूर्ण र महत्वपूर्ण दिनको रूपमा दर्ज गर्न सफल भयौँ भन्ने खालको कुरा राष्ट्रिय सभा र प्रतिनिधि सभा यहाँ आज तपाईंले अभिव्यक्त गर्दै हुनुहुन्छ, प्रतिनिधि सभाले अस्ति अभिव्यक्त गऱ्यो । त्यसैले यो संसदीय अभ्यासमा पनि आजको दिन एकदम गौरवपूर्ण दिन हो भन्ने कुरा दर्ज गर्न हामी सफल भयौँ ।

सम्माननीय अध्यक्ष महोदय, आज हामीले यो गहन विषयमा छलफल गर्दै गर्दा हाम्रा माननीय सदस्यहरूले महत्वपूर्ण कुराहरू अभिव्यक्त गर्नु भएको छ । जसले हामी आम नेपाली जनताहरू खुशी भएका छौँ, हामी हर्षित बनेका छौँ ।

अन्त्यमा, यस विधेयकको छलफलमा भाग लिनुहुने सम्पूर्ण माननीय सदस्यहरूलाई पुनः धन्यवाद दिँदै आफ्नो भनाइ अन्त्य गर्दछु । धन्यवाद ।

**सम्माननीय अध्यक्षः**- माननीय सदस्यहरू, "प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त नेपालको संविधान (दोस्रो संशोधन) विधेयक, २०७७ माथिको दफावार छलफल सदनमा गरियोस्" भन्ने प्रस्तावमाथिको छलफल यहीँ समाप्त हुन्छ ।

माननीय सदस्यहरू, अब म नेपालको संविधान (दोस्रो संशोधन) विधेयक, २०७७ को दफा २ र सोसँग सम्बन्धित अनुसूचीलाई नेपालको संविधान (दोस्रो संशोधन) विधेयक, २०७७ को अङ्ग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले “हुन्छ” भन्नु होला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले “हुन्न” भन्नु होला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले “हुन्छ” भन्नुहोस् ।

-“हुन्छ”

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले “हुन्न” भन्नुहोस् ।

“हुन्न” भन्ने आवाज सुनिएन । तसर्थ नेपालको संविधान (दोस्रो संशोधन) विधेयक, २०७७ को दफा २ र सोसँग सम्बन्धित अनुसूची सर्वसम्मतिले नेपालको संविधान (दोस्रो संशोधन) विधेयक, २०७७ को अङ्ग बनेको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, अब म विधेयकको प्रस्तावना, संक्षिप्त नाम र प्रारम्भ पढेर सुनाउँछु ।

“**<u>प्रस्तावना</u>**: नेपालको संविधानलाई संशोधन गर्न वाञ्छनीय भएकोले,

संघीय संसदले यो संशोधन जारी गरेको छ ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भ</u>**: (१) यस संशोधनको नाम “नेपालको संविधान (दोस्रो संशोधन), २०७७” रहेको छ ।

(२) यो संशोधन तुरुन्त प्रारम्भ हुनेछ ।”

माननीय सदस्यहरू, अब म नेपालको संविधान (दोस्रो संशोधन) विधेयक, २०७७ को प्रस्तावना, संक्षिप्त नाम र प्रारम्भ नेपालको संविधान (दोस्रो संशोधन) विधेयक, २०७७ को अङ्ग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले “हुन्छ” भन्नु होला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले “हुन्न” भन्नु होला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले “हुन्छ” भन्नुहोस् ।

-“हुन्छ”

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले “हुन्न” भन्नुहोस् ।

“हुन्न” भन्ने आवाज सुनिएन । तसर्थ नेपालको संविधान (दोस्रो संशोधन) विधेयक, २०७७ को प्रस्तावना, संक्षिप्त नाम र प्रारम्भ सर्वसम्मतिले नेपालको संविधान (दोस्रो संशोधन) विधेयक, २०७७ को अङ्ग बनेको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, अब म माननीय कानून, न्याय तथा संसदीय मामिला मन्त्री डा. शिवमाया तुम्बाहाङफेलाई नेपालको संविधान (दोस्रो संशोधन) विधेयक, २०७७ लाई पारित गरियोस् भन्ने प्रस्ताव गर्न समय उपलब्ध गराउँछु ।

**माननीय कानून, न्याय तथा संसदीय मामिला मन्त्री डा. शिवमाया तुम्बाहाङ्फेः**- सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त "नेपालको संविधान (दोस्रो संशोधन) विधेयक, २०७७ पारित गरियोस्" भन्ने प्रस्ताव सभा समक्ष पेश गर्दछु । धन्यवाद ।

**सम्माननीय अध्यक्षः**- माननीय सदस्यहरू, अब म नेपालको संविधान (दोस्रो संशोधन) विधेयक, २०७७ लाई पारित गरियोस् भन्ने प्रस्तावलाई नेपालको संविधानको धारा २७४ को उपधारा (८) र राष्ट्रिय सभा नियमावली, २०७५ को नियम १२९ को उपनियम (९) बमोजिम राष्ट्रिय सभामा तत्काल कायम रहेको सम्पूर्ण सदस्य सङ्ख्याको दुई तिहाई बहुमत आवश्यक पर्ने भएकोले सोही नियमको उपनियम (१०) बमोजिम उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दा सदस्यको दस्तखत सहितको मत विभाजन गरिने व्यहोरा माननीय सदस्यहरूलाई जानकारी गराउँछु ।

माननीय सदस्यहरू, अब म मत विभाजन गर्दा अपनाइने प्रक्रियाको सम्बन्धमा जानकारी गराउँछु ।

१. मत विभाजन गर्नु अघि सभाकक्ष बाहिर रहनु भएका माननीय सदस्यहरूलाई सभाकक्षमा प्रवेश गर्ने मौका दिन दुई मिनेटसम्म विभाजन घण्टी बजाइने छ।

२. विभाजन घण्टी बजेपछि सभाकक्ष बाहिर रहनु भएका माननीय सदस्यहरू सभाकक्षभित्र प्रवेश गर्नु पर्नेछ ।

३. विभाजन घण्टी बन्द गरेपछि अध्यक्ष आशनको दायाँतर्फको उपकक्ष लवी र बायाँतर्फको उपकक्ष लवी खाली गराइनेछ ।

४. अध्यक्षको आशनको दायाँतर्फ रहेको उपकक्ष लवीस्थित सम्पूर्ण ढोकाहरू लगायत सो उपकक्षमा रहेका अन्य ढोकाहरूतथा अध्यक्षको आशनको बायाँतर्फ रहेको उपकक्ष लवीस्थित सम्पूर्ण ढोकाहरू सो उपकक्षमा रहेका अन्य ढोकाहरू राष्ट्रिय सभा बैठक कक्षतर्फ प्रवेश गर्ने, निस्कने ढोकाहरू साथै उल्लेखित अध्यक्षको आशनको दायाँ र बायाँतर्फ रहेका उपकक्ष लवीहरू र दक्षिणतर्फ छेकबार लगाई बन्द गरिने । उल्लेखित ढोकाहरू बन्द गरिएपछि मत सङ्कलन कार्य सम्पन्न नहुञ्जेलसम्म बाहिर रहेका माननीय सदस्यहरू लगायत कसैलाई पनि सभाकक्ष एवम् उल्लेखित उपकक्ष लवीहरूहरूमा प्रवेश गर्न र बाहिर जान दिइने छैन । अध्यक्षको आशनको दायाँ र बायाँका उपकक्ष लवीहरूमा माननीय सदस्यहरूको वर्णानुक्रम अनुसारको नामावली राखिएको छ । संशोधन प्रस्तावको पक्षमा रहनु हुने माननीय सदस्यहरू अर्थात् हुन्छ भन्ने पक्षका माननीय सदस्यहरूले अध्यक्षको आशनको दायाँतर्फ रहेको उपकक्ष लवीमा प्रवेश गरी त्यहाँ राखिएको वर्णानुक्रम अनुसारको आ-आफ्नो नामावलीको दस्तखत महलमा दस्तखत गर्नु पर्नेछ । संशोधन प्रस्तावको विपक्षमा रहनु हुने माननीय सदस्यहरू अर्थात् हुन्न भन्ने पक्षका माननीय सदस्यहरूले अध्यक्षको आशनको बायाँतर्फको उपकक्ष लवीमा प्रवेश गरी त्यहाँ राखिएको वर्णानुक्रम

अनुसारको आ-आफ्नो नामावलीको दस्तखत महलमा दस्तखत गर्नु पर्नेछ । माननीय सदस्यहरूको सहयोगको लागि उक्त स्थानहरूमा सचिवालयका कर्मचारीहरू रहनेछन् । कुनै माननीय सदस्यले आफ्नो मत सच्याउन चाहेमा मतदान कार्य सकिएको १ मिनेटभित्र आफ्नो मत सच्याउन दिइनेछ ।

माननीय सदस्यहरू, कोभिड-१९ को सङ्क्रमणको जोखिमलाई मध्येनजर गर्दै मतदानको लागि आ-आफ्नो स्थानबाट उठेर जाँदा, मतदानको लागि दस्तखत गर्दा र दस्तखतपछि आफू बस्ने स्थानमा फर्कँदा दूरी कायम गर्नु हुनको लागि समेत जानकारी गराउँछु ।

माननीय सदस्यहरू, अब दुई मिनेट विभाजन घण्टी बजाउन आदेश दिन्छु ।

माननीय सदस्यहरू, अब म अध्यक्षको आशनको दायाँतर्फ रहेको उपकक्ष लवीस्थित सम्पूर्ण ढोकाहरू लगायत सो उपकक्षमा रहेका अन्य ढोकाहरू तथा अध्यक्षको आशनको बायाँतर्फ रहेको उपकक्ष लवीस्थित सम्पूर्ण ढोकाहरू, सो उपकक्षमा रहेका अन्य ढोकाहरू राष्ट्रिय सभा बैठक कार्यकक्षतर्फ प्रवेश गर्ने, निस्कने ढोकाहरू साथै उल्लेखित अध्यक्षको आशनको दायाँ र बायाँतर्फ रहेका उपकक्ष लवीहरूका दक्षिणतर्फ छेकबार लगाई बन्द गर्न आदेश दिन्छु ।

माननीय सदस्यहरू, अब म नेपालको संविधान (दोस्रो संशोधन) विधेयक, २०७७ लाई पारित गरियोस् भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

माननीय सदस्यहरू, यस संशोधनको प्रस्तावको पक्षमा अर्थात् "हुन्छ" भन्ने पक्षमा रहनु हुने माननीय सदस्यहरू अध्यक्षको आशनको दायाँतर्फ रहेको उपकक्ष लवीमा प्रवेश गरी त्यहाँ राखिएको वर्णानुक्रम अनुसारको आ-आफ्नो नामावलीको दस्तखत महलमा दस्तखत गर्नुहोला । संशोधन प्रस्तावको विपक्षमा अर्थात् "हुन्न" भन्ने पक्षमा रहनु हुने माननीय सदस्यहरू अध्यक्षको आशनको बायाँतर्फ रहेको उपकक्ष लवीमा प्रवेश गरी त्यहाँ राखिएको वर्णानुक्रम अनुसारको आ-आफ्नो नामावलीको दस्तखत महलमा दस्तखत गर्नुहोला ।

माननीय सदस्यहरू, संशोधन प्रस्तावको पक्षमा अर्थात् "हुन्छ" भन्ने पक्षमा रहनु हुने माननीय सदस्यहरू अध्यक्षको आशनको दायाँतर्फ रहेको उपकक्ष लवीमा प्रवेश गरी त्यहाँ राखिएको वर्णानुक्रम अनुसारको आ-आफ्नो नामावलीको दस्तखत महलमा दस्तखत गर्नुहोस् ।

माननीय सदस्यहरू, संशोधन प्रस्तावको विपक्षमा अर्थात् "हुन्न" भन्ने पक्षमा रहनु हुने माननीय सदस्यहरू अध्यक्षको आशनको बायाँतर्फ रहेको उपकक्ष लवीमा प्रवेश गरी त्यहाँ राखिएको वर्णानुक्रम अनुसारको आ-आफ्नो नामावलीको दस्तखत महलमा दस्तखत गर्नुहोस् ।

माननीय सदस्यहरू, माननीय सदस्यहरूमध्ये कुनै माननीय सदस्यहरूले आफ्नो मत सच्याउन चाहनुहुन्छ भने मत सच्याउनको लागि १ मिनेटको समय दिन्छु । सो समयभित्र डायसमा आई आफ्नो मत सच्याउन सक्नु हुनेछ ।

माननीय सदस्यहरू, बन्द गरिएका सभाका सबै प्रवेशद्वारहरू खोल्न आदेश दिन्छु ।

माननीय सदस्यहरू, अब म मत विभाजनको परिणाम घोषणा गर्दछु ।

माननीय सदस्यहरू, आजको मतदानमा उपस्थित माननीय सदस्यहरूको सङ्ख्या ५७ रहेको छ । नेपालको संविधान (दोस्रो संशोधन) विधेयक, २०७७ लाई पारित गरियोस् भन्ने प्रस्तावको पक्षमा अर्थात् "हुन्छ" भन्ने पक्षमा जम्मा ५७ मत परेको छ । प्रस्तावको विपक्ष अर्थात् "हुन्न" भन्ने पक्षमा कुनै मत परेको छैन ।

माननीय सदस्यहरू, अब म नेपालको संविधान (दोस्रो संशोधन) विधेयक, २०७७ लाई पारित गरियोस् भन्ने प्रस्तावलाई नेपालको संविधानको धारा २७४ को उपधारा (८) र राष्ट्रिय सभा नियमावली २०७५ को नियम १२९ को उपनियम (९) बमोजिम राष्ट्रिय सभामा तत्काल कायम रहेको सम्पूर्ण सदस्य सङ्ख्याको दुई तिहाई बहुमत आवश्यक पर्ने भएकोले सोही नियमको उपनियम (१०) बमोजिम सदस्यको दस्तखत सहितको मत विभाजनद्वारा उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दा सभामा तत्काल कायम रहेको सम्पूर्ण सदस्यहरूको सङ्ख्या ५८ मध्ये राष्ट्रिय सभाको अध्यक्षले सभाको अध्यक्षता गरिरहेको र ५७ जना माननीय सदस्यहरूले "नेपालको संविधान (दोस्रो संशोधन) विधेयक, २०७७ लाई पारित गरियोस्" भन्ने प्रस्तावको पक्षमा अर्थात् "हुन्छ" भन्ने पक्षमा मतदान गर्नु भएकोले उक्त प्रस्ताव सर्वसम्मतिले पारित भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, राष्ट्रिय सभाको अर्को बैठक आजै अबको ३० मिनेटपछि बस्ने गरी यो बैठक स्थगित हुन्छ ।

(तदनन्तर अर्को बैठक आजै अबको ३० मिनेटपछि बस्ने गरी यो बैठक स्थगित भयो ।)

**अन्त्यः दिनको १:१० बजे ।**